मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
✆ 9808835198
✆ 9802592799
✆ 9803474311
✆ 9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily




● वर्ष ३ ● अंक १५२ ● २०८२ साल वैशाख ०३ गते बुधबार ● Wednesday 16, April 2025 ● सूर्योदय: बिहान ५:४२ बजे ● सूर्यास्त: साँझ ६:२९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# बल्झियो हिन्दू-मुस्लिम तनाव

# राति हिन्दूद्वारा बजार बन्द

मधेशदृष्टि
वीरगंज ।

वीरगंजमा ५ बुँदे सहमतिपछि अशान्त वीरगंज शान्त बनाउने प्रयास फेरि भाँडिएको छ । पर्सा प्रहरीले २ मुस्लिम युवा र हिन्दूवादीलाई समातेपछि हिन्दुवादी समूह प्रहरीमा पुग्दा मंगलबार साँझ तनाव भएको हो । प्रशासनले वार्ताका लागि दुई(दुईजना प्रतिनिधि माग्दा हिन्दूवादीको नाराजुलुश भएपछि प्रहरीले बल प्रयोग गर्दा दुई पत्रकार गम्भीर घाइते भएका छन् । हिन्दूवादी समूहले मंगलबार राति वीरगंज बजार बन्द गराएपछि तनाव अरु बढेको छ ।

हिन्दू समूहको नाराजुलुशको रिपोर्टिङमा पुगेका पत्रकार अनिल ओझा र अर्जुन तिवारीलगायतका पत्रकार घाइते भएका छन् भने अन्य पनि घाइते भएका छन् ।

स्थानीय प्रशासनले सोमबार रबि सर्राफ , बलजीत सिंहलगायतलाई पक्राउ गरे पनि "ओपचारिक पुष्टि गरेको छैन । यस्तै, शेख खुर्सिद, सलाउदिन मियाँ ठकुराइनलाई पनि प्रहरीले पक्राउ गरेको छ । सर्राफ नगवाका हुन् भने बलजीत छ्पकैयाका हुन् ।

जिल्ला प्रहरी कार्यालयमा तनाव भएको खबरपछि रिपोर्टिङका लागि पुगेका पत्रकारहमाथि मंगलबार प्रहरीले लाठी चार्ज गरेको हो ।

दुई दिनअघि हनुमान जन्मोत्सवको झाँकीमा भएको ढुंगामुढापछि वीरगंज तनावग्रस्त बनेको थियो । स्थिति नियन्त्रणमा लिन प्रशासनले कर्फ्यूसमेत लगाएको थियो । प्रहरीले केही युवाहलाई शान्तिसुरक्षाको नाममा पक्राउ गरेपछि त्यसको विरोध भएको हो । प्रहरी कार्यालयअगाडि विरोध प्रदर्शन हुन थालेपछि प्रहरीले लाठी चार्ज गरेको हो । घटनापछि प्रहरीले अर ३ जना पक्राउ गरेको नाम छ, नाम खुलाइएको छैन ।

यो घटनाको निष्पक्ष छानबिन गरी दोषी प्रहरीमाथि कारबाही हुनुपर्ने आवाज सामाजिक सञ्जालदेखि मानवअधिकारकर्मी र पत्रकार संगठनहरूसम्म माग हुदै आएको छ । स्थानीय प्रशासनले सद्भाव भडकाएको आरोपमा चार जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय, पर्साका एसपी गौतम मिश्रका अनुसार छतमा बसेर ढुंगा हान्ने, मोटरसाइकलमा तोडफोड गर्ने कार्यमा संलग्न चार जनालाई नियन्त्रणमा लिइएको हो । प्रहरी कार्यालयअगाडि धर्ना बसेकाहरू झडपमा उत्रिएपछि प्रहरीले लाठीचार्ज गरेको प्रहरीले दाबी छ ।







पक्राउ परेकाहरू धार्मिक हिंसा भड्काउने गरी उत्रिएका प्रहरीको दाबी छ । जिल्ला प्रहरी प्रशासनको कमजोर प्रस्तुतिको फाइदा भने अतिवादीले लिइरहेको छ ।

## सामाजिक सद्भाव बिथोल्ने सामग्री सम्प्रेषण नगर्न अनुरोध

मधेशदृष्टि
वीरगंज

जिल्ला प्रशासन कार्यालय पर्साले सामाजिक सद्भाव बिथोलिने गरी सामाजिक सञ्जालमा भ्रामक सूचना प्रकाशन तथा प्रसारण नगर्न अनुरोध गरेको छ । पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले विगत केही समयदेखि विभिन्न सामाजिक सञ्जालमा समाजमा द्वेष एवं उत्तेजना सिर्जना हुनेगरी सार्वजनिक भएका भ्रामक सूचनाप्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको बताएका छन ।

"खासगरी पुराना घटनासँग सम्बन्धित तथ्य र सामग्री तथा पछिल्लो समयमा वीरगञ्जको परिवेशलाई प्रतिकूल असर गर्ने तथा वीरगञ्जसँग नितान्त असम्बन्धित सामाग्री सार्वजनिक भएको पाइएको छ", उन भने "यस्तो कार्य प्रचलित कानुन बमोजिम दण्डनीय हुने हुँदा त्यस्ता सामग्री पोष्ट गर्ने, शेयर गर्ने, लाइक गर्ने र सामाजिक सद्भाव बिथोलिने गरी कमेन्ट गर्ने कार्य गर्ने÷गराउनेमाथि कानुन बमोजिम कारबाही भई जाने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ ।"

# नारी विकास केन्द्र लथालिंग

# छैन कुनैपनि निकायको ध्यान



वीरेन्द्र रमण
जनकपुरधाम

मिथिला चित्रकलाको व्यावासायीक विकासको जग निर्माण गरेको नारी विकास केन्द्र सरकार निकायको उपेक्षाले थला परेको छ । यहा काम गर्ने महिलाहई तलब पाउन समेत धौ धौ हुने गरेको छ । मुलुकमा तिन तहको सरकार रहेपनि उनिहरुको ध्यान समेत यसको विकास पुगेको पाइदैन । मधेश प्रदेश सरकारले रहेक पटक मिथिलाको चित्रकला र यहाका घरेलु उद्योगलाई बढावा दिने योजना बनाउने कुरा आफनो निति कार्यक्रममा राख्ने गरेपनि महिलाहरुले नै संचालन गरेको र महिलालाई आय अर्जन गर्ने यस केन्द्र अहिले विभिन्न निकायहरुको उदासिनताको सिकार भएका छन । यहा कार्यकरत रहेका महिलाहरुलाई तबल पाउन समेत धौ धौ रहेको छ । बजारीकरणको आभाव र कोरोना पछि पर्यटकहरुको आवागमनमा कमि आएकाले केन्द्र धरासायी बनेको हो । केन्द्र धाराशायी भएपछि कार्यरत रहेका महिलाहरुलाई हातमुख जोड्न समेत समस्या भईरहेको छ ।

मिथिला चित्र कला र हस्तकलाको महत्वपुर्ण स्थान रहेको यस केन्द्रको विकास र यसको बजारीकरणमा तिन वटै सरकार मौन देखिएकाले केन्द्रको अवस्था जर्जर भई सकेको छ ।

५३ वर्षिया ममता चौधरी नारी विकास केन्द्रमा काम गर्दै आईरहेको ३० वर्ष भई सकेको छ । आफ्ना सन्तानलाई काखमै लिएर केन्द्रमा चित्र बनाएर आर्थिक उपार्जन गर्न छिरेकी चौधरीलाई अहिले समस्या परेको छ । विगतमा आर्थिक उपार्जनको प्रमुख स्रोत रहेको नारी विकास केन्द्रबाट बन्ने मिथिला चित्र कलाले बजार पाउनै छोडेपछि घर व्यवहार चलाउन पनि उनलाई समस्या भएको छ । उनले भनिन–'पहिला जस्तो बिक्री छैन,पर्यटकहरु समेत आउदैन अहिले अन्य ठाउमा समेत यस खालको थुप्रै पसलहरु खुलेका छन,उनिहरुले बाहिरबाट समानहरु ल्याउने सस्तोमा बेच्ने गरेको कारणले गर्दा समस्यामा परेको छ । उनले छाडेर पनि कहा जाउ आज न भोली केन्द्रको अवस्था सुध्रिन्छ ।'

महिलाहरु केन्द्रको समस्यालाई लिएर सरकारको विभिन्न निकायहरुमा धाउने गरिएपनि आश्वासन वाहेक केहीपनि नपाएको उनिहरुको कथन रहेको छ ।

उनिहरु पटक पटक केन्द्रको अवस्थालाई लिएर सरकारको हरेक निकायमा गएको बताउछिन । तर कुनैपनि निकायबाट आश्वासन बाहेक ठोस कार्य नभएको बताएका छन। सरकारले यस अघि विभिन्न निकायहरुलाई रकम दिएर मिथिलाचित्र कलाको प्रवद्र्धन गर्ने गरेपछि संस्थागत रुपमा पहिलो रहेको यस संस्थाको भने कुनैपनि प्रकारले सहयोग नगरेको कारणले गर्दा समस्या आएको छ ।

विगत २ दशकदेखि मिथिला कलाको प्रबद्र्धन र विकासमा भूमिका निर्वाह गर्दै आईरहेको केन्द्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नाम कमाएपनि आर्थिक संकटबाट जुझिरहेको छ ।

केन्द्रमा कुनै बेला ८५ जना भन्दा बढि महिला कला साधनमा केन्द्रित थिए तर अहिले आर्थिक अभावका कारण २८ जना महिलाहरु मात्रै त्यहाँ कार्यरत छन् ।वर्षभरिको आम्दानी १० लाख सम्म पुग्न धौ धौ रहेको छ । नारी विकास केन्द्रकी लेखापाल मन्जु महराले यहा अवलोकनको लागि आउने पर्यटकहरुबाट किन्ने समानबाट मात्रै महिलाहरुलाई तलब दिने अवस्था रहेको बताइन । उनले त्योपनि पहलिा जस्तो पर्यटकहरु समेत आउनैनन त्यसकारणले गर्दा समेत संस्थामा बिक्री समेत उति हुदैन ।

सन् १९९१ मा अमेरिकी नागरिक क्लेयर वरकट नेपाल भ्रमणमा आउँदा धनुषाको गाउँ गाउँमा पुगिन्। घरको भित्तामा कोरिएको मिथिला चिकलाले उनलाई लोभ्यायो । प्रकृति र कलाप्रेमी वरकटले मिथिला चित्रकलाको व्यावसायिक उत्पादनका लागि जनकपुरधाम उपमहानगरपालिका १२ स्थित कुवा रामपुरमा नारी विकास केन्द्र स्थापना गरिन्। प्रसिद्ध मिथिला चिकलालाई पहिलो पटक १९ औं शताब्दीमा क्यानभाषमा उतारिएको थियो । पौराणिक कथामा आधारित पात्र, विवाह, कोहबर, व्रतबन्ध लगायतका विधिको तस्बिर कुँदेर थालिएको मिथिला चित्रकलाको माग र आकर्षण देश विदेशमा बढ्दो छ ।तर यस संस्थाको राज्यको कुनैपनि निकायबाट सहयोग प्राप्त नभएको कारणले गर्दा अहिले यी संस्था धरासायी जस्तै बन्दै गएको छ ।

# स्मृति भवन निर्माणको विरुद्धमा युवाहरुद्वारा प्रदर्शन



मधेसदृष्टि
जनकपुरधाम

जनकपुरधामको गंगासागर पोखरीको पुर्वी डिलमा निर्माण भईरहेको रामनारायण मिश्र स्मृति भवनको विरोध गर्दै जनकपुरधाममा युवाहरुले विरोध प्रदर्शन गरेका छन । युवाहरु विरोध प्रदर्शन गर्ने भएपछि जनकपुरधामको सुरक्षा व्यवस्था कडा पारिएको थियो । नगर क्षेत्रको विभिन्न चौकहरुमा सशस्त्र र र नेपाल प्रहरीलाई परिचालन गरिएको छ । युवाहरुले विरोध प्रदर्शन गर्दै जनक चौकमा बाटो अवरोध गर्दा प्रहरीसंग समान्य झडप समेत भएको थियो । विरोध प्रदर्शनमा सहभागी युवाहरूले गंगासागरजस्तो धार्मिक आस्थाको केन्द्रमा कुनै पनि प्रकारको स्थायी संरचना निर्माण गर्न नहुने तर्क गर्दै स्मृति भवन अन्यत्र सार्न माग गरेका थिए ।

उनीहरुले 'धार्मिक क्षेत्रमा राजनीति नभई संरक्षण चाहिन्छ' भन्ने नारासहित प्रदर्शन गरेका थिए ।नेपाली काग्रेस सहित केही दलहरुको अग्रसरतामा गठन गरिएको स्मारक निर्माण समितिले त्यहा स्मृति भवन निर्माण गरिरहेका छन भने नेकपा एमाले संग आवद्ध युवाहरु तथा केही सम्पाद संरक्षणको लागि क्रियाशिल युवाहरुले यसको विरोध गरिरहेका छन ।उनिहरुले यस स्थानमा सो स्मारक र भवन निर्माण भएको खण्डमा गंगा सागरको मौलिकता नै समाप्त हुने तर्क गर्दै आएका छन ।

# एमाले र कांग्रेसकै कार्यकर्ताले नेताहरुलाई सिंहदरवारबाट लखेट्नेछः प्रभु साह

मधेसदृष्टि
काठमाडौ

आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले नेपाली कांग्रेस र नेकपा –एमाले)का इमानदार नेताकार्यकर्ताहरुले नेताहरुको कुकर्मलाई स्वीकार नगर्ने टिप्पणी गरेका छन् ।

आजपा केन्द्रीय कार्यालय कोटेश्वर, काठमाडौंमा मंगलवार आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष साहले प्रधानमन्त्री केपी शर्मा ओलीको कुर्सीलाई एमाले र कांग्रेसबाट खतरा रहेको बताए ।

'नेपाली कांग्रेस र नेकपा एमालेका इमानदार नेताकार्यकर्ताहरुले यि



नेताहरुको कुकर्मलाई स्वीकार्दैनन् । नेताहरुको लुट, भ्रष्टाचार तपाईकै पार्टीका नेताकार्यकर्तालाई बढी थाहा छ,' आजपा अध्यक्ष साहले भने, 'अत्याचार बिरुद्ध गठित पार्टी जहाँ मदन भण्डारी, विपी कोइरालाको बिचार प्रवाहित भईरहेको छ । त्यो पार्टीले नेताहरुको कुकर्मलाई कदापी स्वीकार्दैनन् ।'

सिंहदरवारबाट भ्रष्ट नेताहरुले कुर्सी खाली गरे मात्रै मुलुकले अहिलको संकटबाट निकास पाउने बताउदै उनले भने, 'हामीले पटक पटक भनेका छौं, तपाईहरुले कुर्सी छोड्नु । सिंहदरबार खाली गर्नुस् । नेताहरु मालामाल भए, जनता लचार भए । यदी तपाईहरुले कुर्सी छोड्नु भएनन भने जनताले लतारेर निकाल्छन् । तपाईहरुको पार्टीमा हजारौं कार्यकर्ताहरु पनि छन्, जसले तपाईहरुको लुट, भ्रष्टाचार पनि हेरिरहेका छन् । उनीहरुले पनि तपाईलाई छोड्नेवाला छैनन् ।'

अहिले मुलुक गम्भिर संकटबाट गुज्रिरहेको बताउदै उनले नेताहरुले जतिछिटो सिंहदरबारबाट कुर्सी खाली गर्छन् त्यति छिटै नै मुलुकको संकट समाधान हुने बताए ।

# पिपरामा बन्यो राजा सल्हेसको गहबर

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मिथिला क्षेत्रका वीर, जननायक र सांस्कृतिक चेतनाका प्रतीक राजा सल्हेसको सम्मानमा महोत्तरीको पिपरा गाउँपालिका–४ मा निर्माण गरिएको ‘गहबर’ (मन्दिर) अब जनताको श्रद्धा र गौरवको केन्द्र बन्न थालेको छ । मंगलबार एक भव्य समारोहबीच उक्त गहबरको औपचारिक उद्घाटन गर्दै जननेता रामकुमार शर्माले यसलाई मिथिला क्षेत्रको स्वाभिमानसँग जोडिएको संरचना घोषणा गरे ।



उद्घाटन कार्यक्रममा राजनीतिक, धार्मिक र स्थानीय समुदायको व्यापक सहभागिता रहेको थियो । पिपरा गाउँपालिका अध्यक्ष राम जानकी यादव, वडाध्यक्ष बैदेही पासवानलगायत जनप्रतिनिधि र स्थानीय अगुवा उपस्थित थिए ।

राजा सल्हेस मिथिला जनजीवनमा वीरता, समानता र प्रतिरोधको प्रतीकको रूपमा स्मरण गरिन्छन् । गरीब, दलित, पिछडावर्ग र सीमान्तकृत समुदायमा विशेष श्रद्धा राखिने राजा सल्हेसको गाथा केवल लोककथा नभई सामाजिक न्याय र सांस्कृतिक पहिचानको दस्तावेज हो ।

नेता शर्माले भने, ‘राजा सल्हेसको इतिहास हाम्रो जातीय, सामाजिक र सांस्कृतिक पहिचानसँग गहिरो रूपमा गाँसिएको छ । यो गहबर केवल धार्मिक संरचना नभई हाम्रो अस्तित्वको प्रतिनिधि हो ।’

वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को पहलमा नेता शर्माको अध्यक्षतामा तयार भएको यो परियोजना प्रदेश सांसद अभिराम शर्मा र पिपरा गाउँपालिकाको समन्वयमा अघि बढाइएको हो । निर्माण कार्य सम्पन्न गर्न ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएको थियो ।

गहबर परिसरमा पार्क, विश्रामस्थल र पर्यटकका लागि सूचनामूलक पाटीहरू राख्ने योजना पनि अघि बढाइएको छ ।

यस संरचनालाई पिपरा क्षेत्रको धार्मिक पर्यटनको केन्द्रका रूपमा विकास गर्ने उद्देश्यसहित अन्य पूर्वाधार निर्माणको पनि तयारी भइरहेको छ ।

उद्घाटन समारोहमा स्थानीय बासिन्दाको उल्लेखनीय सहभागिता देखियो । उनीहरू गहबर उद्घाटनले गाउँको गरिमा बढेको भन्दै हर्षित थिए । एक स्थानीय युवाले भने, ‘राजा सल्हेस हाम्रो गौरव हुन् । अब हामी हाम्रो गाउँमा बाहिरी पाहुनाहरूलाई स्वागत गर्न सक्नेछौं ।’

कार्यक्रममा सहभागिहरूले पिपरा गाउँलाई धार्मिक पर्यटनको गन्तव्य बनाउन दीर्घकालीन योजना बनाउनुपर्नेमा जोड दिए ।

नेता शर्माले भने, ‘हाम्रो इतिहास, हाम्रो संस्कृति नै हाम्रो भविष्य हो । राजा सल्हेसको गाथा पुस्ता हस्तान्तरण गर्न सके मात्र हामी मिथिला बचाउन सक्छौं । त्यसका लागि स्थानीय, प्रदेश र संघीय सरकारले यस्ता मौलिक सम्पदामा लगानी बढाउनुपर्छ ।’

# घरदैलोमै पुगेर चेतना फैलाउँदै युवा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
‘प्लास्टिकको प्रयोग घटाऔँ, स्वच्छ टोल बनाऔँ’ भन्ने चेतनामूलक नारासहित जनकपुरधामका युवाहरू अहिले वातावरण संरक्षणको अग्रपंक्तिमा छन् । टोलटोलमा पुगेर समुदायलाई सचेत बनाउँदै प्लास्टिक न्यूनीकरण र सरसफाइप्रति व्यवहारिक जागरण ल्याउँदै उनीहरूले शहरको रूपान्तरण अभियान थालेका हुन् ।

यो पहलको अगुवाई कार्ड नेपालले गरेको हो । कार्ड नेपालले ग्रीनसिफ्ट नेपाल परियोजनाअन्तर्गत युरोपियन यूनियनको सहयोगमा जनकपुरधाममा नयाँ पुस्तालाई वातावरणप्रति संवेदनशील र उत्तरदायी बनाउने प्रयास गरिरहेको छ ।

क्रिएशन, रेस्टलेस डेभलपमेन्ट र युथ इनोभेसन ल्याबसँगको साझेदारीमा सञ्चालित उक्त परियोजना युवालाई वातावरणीय नेतृत्वमा सक्रिय बनाउँदै लैजाने उद्देश्यले अघि बढाइएको हो ।

हालै जनकपुरधाम उपमहानगरपालिका–४ को परिक्रमा सडकदेखि क्याम्पस चोकसम्मको क्षेत्रलाई लक्षित गर्दै युवाहरूको टोलीले घरदैलो अभियान सञ्चालन गर्‍यो । प्लास्टिकजन्य फोहोरको हानिकारक प्रभाव, फोहोरको वर्गीकरण र दीर्घकालीन समाधानबारे जानकारी दिँदै उनीहरूले स्थानीय बासिन्दासँग प्रत्यक्ष संवाद गरे ।

टोलीले प्लास्टिकको विकल्पका रूपमा प्रयोग गर्न सकिने सामग्रीहरूबारे जानकारी गराउँदै डस्टबिन राख्न उपयुक्त स्थानहरू पनि चिन्हित गर्‍यो । वातावरणप्रेमी युवाहरूको यो सक्रियताले टोलबासीको ध्यान तानिएको छ ।

कार्ड नेपालका युवा स्वयंसेवक अनुज झा भन्छन्, ‘हामीले केवल गोष्ठी वा नारामात्र गर्ने होइन, व्यवहारमै देखिने परिवर्तन ल्याउन चाहन्छौं । यही अभियानले युवालाई नेतृत्व गर्ने अवसर दिएको छ ।’

उनका अनुसार समुदायभित्रको जागरणले दीर्घकालीन परिणाम दिने अपेक्षा गरिएको छ ।

यो अभियानको पृष्ठभूमिमा चैत्र ३० गते आयोजित ‘मोडल टोल डिजाइन कार्यशाला’ र त्यसपछिका फलोअप बैठकहरूले सामुदायिक बहसको बलियो जग तयार पारेको थियो ।

युवाहरूले सरसफाइ, प्लास्टिक न्यूनीकरण, वातावरणीय न्याय र जलवायु सचेतनासम्बन्धी विषयमा छलफल गर्दै व्यवहारमा लागू गर्ने काम शुरु गरेका छन् ।


अभियानमा युवाहरूको मात्र नभई टोलका अगुवा र अभिभावकहरूको पनि उत्साहजनक सहभागिता देखिएको छ । एक स्थानीय महिला अगुवा भन्छिन्, ‘हाम्रा छोराछोरीहरूले यस्तो राम्रो काम थालेको देख्दा गर्व लाग्छ । हामी पनि साथ दिन तयार छौँ ।’

शहरका युवाहरूले नेतृत्व लिएको यस्तो अभियानमा समुदायको साथले वातावरणमैत्री टोल निर्माणको सम्भावना बढेको छ ।

प्लास्टिक प्रदुषण, जलवायु परिवर्तन र फोहोर व्यवस्थापन जस्ता जटिल विषयहरूमा उनीहरूको चेतना व्यवहारमै परिणत हुँदै गएको छ ।

# उपमहानगरको निर्णयप्रति व्यवसायीको स्वागत

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
शिक्षा क्षेत्रमा व्यापक असमानता र अनियन्त्रित अभ्यासको बीचमा जनकपुरधाम उपमहानगरपालिकाले निजी विद्यालयहरूमा एकीकृत पाठ्यपुस्तक प्रयोग गर्न लिएको निर्णयप्रति विभिन्न सरोकारवाला निकायहरूले धन्यवाद ज्ञापन गरेका छन् ।


श्रीमान् प्रमुख ज्यू,
जनकपुरधाम उपमहानगरपालिका
जनकपुरधाम, मधेश प्रदेश, नेपाल

२०८२ बैशाख २ गते

विषय : पाठ्यपुस्तक सम्बन्धी निर्णयप्रति धन्यवाद ज्ञापन-पत्र ।

महोदय,
पुस्तक व्यवसायी संघ, जनकपुरधाम उद्योग वाणिज्य संघ र अभिभावक संघ लगायत संस्थाहरूले निजी विद्यालयको मान्यता प्राप्त स्तरीय पाठ्यपुस्तक एकरुपता कायम गर्न बारम्वार अनुरोध र जोडदार माग राख्दै आइरहेकोमा हाली उपमहानगरपालिकाको पत्र संख्या २०८१/०८२ चलानी नं. ५६४७ पाठ्य पुस्तकको विवरण (सूचि) पत्र सामाजिक सञ्जाल मार्फत सार्वजनिक भएकोमा हामी पुस्तक व्यवसायीहरु हृदयदेखि धन्यवाद दिदै ज्ञापन-पत्र बुझाउदछौं ।

अतः हाल बजारमा उपमहानगरपालिकाको प्रकाशित पुस्तक विवरण (Book List) विपरित केही Book List बजारमा पाइएकोले त्यस प्रति सचेत रहन ध्यान आकर्षन गराउछौं ।

जनकपुरधाम उपमहानगरपालिका शिक्षा शाखाको प्रस्तुत निर्णयले स्थानीय स्तरमा शैक्षिक व्यवस्थापन, अभिभावक हित, विद्यार्थी सशक्तिकरण र व्यवसायिक समन्वयलाई निकै सकारात्मक ढंगले प्रभावित गर्नेछ भन्ने हाम्रो विश्वास छ । पाठ्यपुस्तकको नाममा भइरहेको अनियन्त्रित प्रतिस्पर्धाले विगत केही वर्षहरूदेखि शिक्षाको गुणस्तर र पारदर्शितामा नानाथरी प्रश्नहरु उठ्दै आइरहेको बेला यस्तो अवस्थामा जनकपुरधाम उप-महानगरपालिकाले विद्यालय शिक्षालाई व्यवस्थित बनाउने तथा निजी विद्यालहरूलाई एकरुप पाठ्यक्रम र पुस्तकको प्रयोग गर्ने निर्णय एकदमै स्वागतयोग्य र दूरदर्शी कदम हो भन्ने हामीलाई लागेको छ ।

बोधार्थ :
१) जनकपुरधाम उद्योग वाणिज्य संघ

बजरंग यादव
(सह-सचिव)
नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ
जिल्ला शाखा धनुषा, जनकपुरधाम

पुस्तक व्यवसायी संघ, जनकपुरधाम उद्योग वाणिज्य संघ, अभिभावक संघ तथा अन्य शैक्षिक हितधारी संस्थाहरूले उपमहानगरको प्रयासलाई समयानुकूल, प्रभावकारी र शिक्षा क्षेत्रलाई मर्यादित बनाउने दिशातर्फको सकारात्मक कदम भनेका हुन् ।

पछिल्ला वर्षहरूमा निजी विद्यालयहरूमा पाठ्यपुस्तकको चयनबारे स्पष्ट मापदण्ड नहुँदा शिक्षण–अधिगम प्रक्रियामा गम्भीर असमानता देखा परिरहेको थियो । केही विद्यालयहरूले विदेशी प्रकाशनका महँगा पुस्तकहरू अनिवार्य बनाउने, वर्ग–वर्गअनुसार फरक पाठ्यपुस्तक प्रयोग गर्नेजस्ता अभ्यासले अभिभावकहरूमा आर्थिक बोझ बढाउँदै गएको थियो ।

यस्तो अवस्थामा जनकपुरधाम उपमहानगरपालिकाले सार्वजनिकरूपमा ‘एकीकृत पाठ्यपुस्तक सूची’ सार्वजनिक गर्नु शिक्षा प्रणालीलाई अनुशासित बनाउने दिशातर्फको ऐतिहासिक कदम मानिएको छ ।

पुस्तक व्यवसायी संघका तर्फबाट बजरंग यादवद्वारा हस्ताक्षरित पत्रमा लेखिएको छ, ‘जनकपुरधाम उपमहानगरपालिका शिक्षा शाखाले सार्वजनिक गरेको सूची हामी व्यवसायीहरूका लागि मात्र नभई सम्पूर्ण शैक्षिक क्षेत्रका लागि स्वागतयोग्य छ । यसले शिक्षा क्षेत्रको अनुशासन र पारदर्शितामा सुधार ल्याउनेछ ।’

पत्रमा बजारमा उपमहानगरको सूचीबाहेकका पुस्तकहरू पाइएकाले सो विषयमा सम्बन्धित पक्षहरू सचेत रहनुपर्ने उल्लेख छ । साथै, संघले विद्यालयहरूमा नियमित अनुगमन गरी उपमहानगरको निर्देशन कार्यान्वयन गराउन विशेष जोड दिएको छ ।

यो निर्णयले निजी विद्यालयहरूमा पाठ्यपुस्तकको एकरूपता सुनिश्चित गर्ने मात्र नभई शिक्षणको गुणस्तरमा समेत सुधार ल्याउने विश्वास व्यक्त गरिएको छ ।

समान पाठ्यपुस्तकको प्रयोगबाट विद्यार्थीबीच ज्ञानको पहुँचमा समानता आउनेछ भने अभिभावकहरू अनावश्यक खर्चबाट मुक्त हुनेछन् ।

अभिभावक संघका एक प्रतिनिधिले भने, ‘हामी लामो समयदेखि निजी विद्यालयहरूको स्वेच्छाचारी अभ्यासको मारमा थियौं । उपमहानगरको निर्णयले अभिभावकलाई ठूलो राहत दिएको छ ।’

पछिल्लो समय शिक्षासँग जोडिएका पुस्तक बजारमा मुनाफामुखी प्रवृत्तिले शिक्षाको मूल मर्ममाथि नै प्रश्न उठाउँदै आएको थियो ।

सस्तो, गुणस्तरीय र सर्वसुलभ शिक्षाको उद्देश्य विपरीत निजी विद्यालय र प्रकाशकबीचको समन्वयबिनाको प्रतिस्पर्धाले ‘शिक्षा बजार’लाई अनैतिक बनाएको थियो ।

# पेट्रोल, डिजेल र मट्टितेलको मूल्य घट्यो




**काठमाडौँ,**
नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगम सञ्चालक समितिको बैठकले मंगलवार मध्यरातदेखि लागू हुने गरी पेट्रोल, डिजेल र मट्टितेलको साविकको बिक्री मूल्यमा प्रतिलिटर तीन रुपैयाँ घटाएको हो ।

मूल्य घटेसँगै पेट्रोल पहिलो वर्गका लागि प्रतिलिटर एक सय ५७ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि एक सय ५९ रुपैयाँ र तेस्रो वर्गका लागि एक सय ६० रुपैयाँ तोकिएको छ ।

यस्तै, डिजेल तथा मट्टितेलको मूल्य पहिलो वर्गका लागि एक सय ४३ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि एक सय ४५ रुपैयाँ र तेस्रो वर्गका लागि एक सय ४६ रुपैयाँ निर्धारण गरिएको निगमले जनाएको छ ।

निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जलाई पहिलो, सुर्खेत र दाङलाई दोस्रो र काठमाडौँ, पोखरा र दीपायल डिपोलाई तेस्रो वर्गमा राखेको छ ।

इन्डियन आयल कर्पोरेशनबाट आज प्राप्त पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा तीन रुपैयाँ १५ पैसा र डिजेलमा दुई रुपैयाँ ६२ पैसाले घटेर आएकाले स्थानीय बजारमा पनि मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ ।रासस

# बजेट अभावले खानेपानी आयोजना अलपत्र

**कैलाली**
बजेट अभावका कारण कैलाली र कञ्चनपुरमा सञ्चालित खानेपानीका आयोजना वर्षौंदेखि अलपत्र परेका छन् । आर्थिक वर्ष २०७१÷७२ देखि सञ्चालित सङ्घीय सशर्त अनुदानका कैलाली र कञ्चनपुरमा ९० वटा आयोजना अझै सम्पन्न हुन सकेका छैनन् । यी आयोजनाबाट करिब दुई अर्ब रुपैया दायित्व सिर्जन भएको खानेपाली तथा सरसफाइ डिभिजन कार्यालय कैलालीले जनाएको छ । प्रत्येक वर्ष न्यून बजेट विनियोजन हुनेहुँदा आयोजना सम्पन्न भएकाले प्रतिफलसमेत प्राप्त नभएको कार्यालयका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर ग्रिष्म थापाले बताए । थापाका अनुसार जलवायु अनुकूलित बृहत् खानेपानी आयोजनाअन्तर्गतका कैलालीमा ३२ र कञ्चनपुरमा २२ वटा खानेपानी आयोजना अधुरा छन् । यी आयोजनाका लागि पर्याप्त बजेट नआउँदा सम्पन्न हुन नसक्नुका साथै एकातिर लागत वृद्धि भइरहेको छ भने अर्कोतिर नागरिकले स्वच्छ पिउने पानी पाउन नसकेका उनले बताए । यी आयोजना सम्पन्न गर्न सरकारले पर्याप्त बजेट विनियोजन गरेमा एक वर्षमा सम्पन्न हुनसक्ने उनको भनाइ छ । कार्यालयका अनुसार सङ्घीय सरकारले आयोजना सम्पन्न गर्न आवश्यक बजेट विनियोजन नगर्दा योजना अलपत्र परेका हुन्। कैलाली र कञ्चनपुरमा सञ्चालित कतिपय आयोजनाका भौतिक संरचना तयार भए पनि आवश्यक बजेट विनियोजन नहुँदा पाइप बिछ्याउन सकिएको छैन ।

बजेट अभावमा पाइप लाइन बिछ्याउन नसक्दा भौतिक संरचना तयार भएका योजना पनि सञ्चालनमा आउन नसकेको जनाइएको छ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका अनुसार १० करोड रुपैयाँका आयोजनामा वार्षिक दुई–चार लाख रुपैयाँ बजेट विनियोजन हुँदै आएकाले विनियोजन हुने बजेटको अनुपातमा काम सम्पन्न गर्न अझै वर्षौं लाग्ने देखिएको छ ।

दशदेखि १५ हजार जनसङ्ख्या लाभान्वित हुने आयोजना सम्पन्न गर्न तीन देखि छ करोड रुपैयाँ बजेट आवश्यक देखिएकामा न्यून बजेट विनियोजन हुने गरेकाले काम अलपत्र परेका इञ्जिनियर थापाले बताए । डिपबोरिङ, ओभरहेड, कम्पाउन्ड वाल र अफिस घरलगायत भौतिक संरचना तयार भइसकेका आयोजनामा पाइप बिछ्याउन बजेट नपुगेर खानेपानी सञ्चालनमा ल्याउन नसकिएको भन्दै तयार भएका आयोजनाका संरचना जीर्ण हुँदै गएका उनको भनाइ छ । आयोजना धेरै बाँडेर बजेट कम विनियोजन हुँदा सम्पन्न गर्ने समयावधि लम्बिँदै गएको इञ्जिनियर थापाले उल्लेख गरे ।रासस

# पर्सामा ३७ बिघामा लगाइएको गाँजा नष्ट

**वीरगंज**
पर्साका सुरक्षा निकायले ग्रामीण क्षेत्रमा लगाइएको ३७ बिघा चार कट्ठामा लगाइएको गाँजाखेती फँडानी गरेर नष्ट गरेको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार चालु आवको चैत २५ गतेसम्मको अवधिमा एक लाख ३३ हजार चार सय ७७ वटा गाँजाको बोट फँडानी गरेर नष्ट गरिएको हो ।

पर्साका प्रहरी नायब उपरीक्षक किशोर लम्सालले पर्साको ग्रामीण क्षेत्रमा सामुदायिक वन तथा साझेदारी वन अतिक्रमण गरेर गाँजाखेती हुने सूचनाको आधारमा निरन्तर रूपमा गाँजाको बोटको फँडानी गरेर नष्ट गर्दै आइरहेको बताए । “नेपाल प्रहरी र सशस्त्र प्रहरी बल दुवैको सहकार्यमा गाँजाको फँडानी गर्दै आइरहेका छौँ”, उनले भने ।

पर्सा प्रहरीका अनुसार विगत तीन वर्षको अवधिमा गाँजाको बरामद हुने क्रममा पनि वृद्धि भएको जनाएको छ । पर्सा प्रहरीले आव २०७९/८० मा एक हजार एक सय २३ किलोग्राम गाँजा बरामद गरेको थियो । त्यस्तै आव २०८०/८१ मा चार सय ६७ किलोग्राम र आव २०८१/८२ को फागुन मसान्तसम्मको अवधिमा भने एक हजार ५३१ किलोग्राम गाँजा बरामद गरेको छ । मकवानपुर तथा तराईका अन्य जिल्लाबाट ल्याएको गाँजा पर्साको ग्रामीण क्षेत्र हुँदै सीमावर्ती भारतीय बजारमा तस्करी हुने गर्दछ । रासस


## मालपोत कार्यालय चन्द्रनिगाहपुर रौतहट
### हकदावी सम्वन्धी ३५ दिने सुचना

उपरोक्त सम्वन्धमा जि.रौ.गा.वि.स.भसेडवा वडा नं.८ हाल कटहरिया न.पा. १ मा बस्ने लगन राउत अहिर मर्दा हकखाने भसेडवाको नाममा जग्गा सर्वे नाप नक्सा भएको तपसिलको जग्गा रौतहट जिल्ला अदालतको मिति २०५१ साल फाल्गुन ९ गतेको मिलापत्र अनुसार बाबुलाल राउत अहिर भन्ने बाबुला राय यादवको अंश भागमा परेको जग्गा दा.खा. गर्न बाकी रहेको र बाबुलाल राय यादव मिति २०७१।१०।५ गते परलोक भैसकेको निजको पत्नी जनकिया देवी र छोराहरु रामविलास राय समेतले रौतहट जिल्ला अदालतमा मुद्दा दायर गरी मिति २०७८।३।१३ गतेको मिलापत्र बमोजिम जनकिया देवी समेतले नाप नक्सा भइ दर्ता हुन वाकी जग्गा दर्ता दा.खा. नामसारी गरी पाउ भनि माग निवेदन परेकोले साथै कटहरिया न.पा. वडा न.१ को चलानी नं.९७० मिति २०८१।१०।०७ को सिफारीश संलग्न रहेको जनकिया देवी समेतको नाममा जग्गा दर्ता दा.खा. नामसारी गरी दिएमा कुनै किसिमको कसैलाइ फरक पर्छ,पर्दैन अरुको हकमा असर गर्छ गर्दैन वा नेपाल सरकारको ऐलानी ,पर्ति सार्वजनिक जग्गामा पर्छ पर्दैन यो हकदावीको सम्वन्धमा सुचना प्रकाशित गरिएको छ । उक्त जग्गा दर्ता नामसारी गरीदिदा कोही कसैको हकदावी पुग्ने भएमा सुचना प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक ३५ दिन भित्र आफनो हक पुग्ने प्रमाण सहित कार्यालयमा उपस्थित भइ निवेदन दिनुहुन यो जानकारी गराइन्छ । म्याद भित्र निवेदन नपरेमा कानुन बमोजिम भैजाने व्यहोरा अनुरोध छ ।

तपसिल

| जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. | दर्तावाला | | |
|---|---|---|---|---|---|---|---|
| रौतहट | भसेडवा | ७ क | ७ | ०-५-० | बाबुलाल | राउत | अहिर |
| ,, | ,, | ७क | ४५ | ०-३-१२ | ,, | ,, | ,, |
| ,, | ,, | ९ | ११६ | ०-५-० | ,, | ,, | ,, |
| ,, | ,, | ७क | १५४ | ०-१-५ | ,, | ,, | ,, |

# बारा–पर्सा औद्योगिक करिडोरमा श्रम अदालत नहुँदा श्रमिक समस्यामा

**वीरगंज**

बारा–पर्सा औद्योगिक करिडोरमा श्रम अदालत नहुँदा श्रमिक र रोजगारदाताबीचको कानुनी उपचार खोज्नका लागि सङ्घीय राजधानी काठमाडौँ धाउनुपर्ने बाध्यता कायमै छ ।

यसबाट श्रमिक र रोजगारदाताको समय र खर्च दुवै बढी हुने कारणले पनि न्यायको पहुँचसम्म पुग्न हिच्किचाइरहेको अवस्था छ । मुलुकभरकै श्रमिक तथा रोजगारदाताहरू श्रमसम्बन्धी मुद्दा लिएर श्रम अदालत काठमाडौँ जाँदा अदालतमा पनि मुद्दाको चाप बढी हुँदा न्याय प्राप्तिका लागि धेरै समय खर्चिनुपर्ने बाध्यता पनि थपिएको छ ।

नेपाल टे«ड युनियन कांग्रेस मधेस प्रदेशका पूर्वअध्यक्ष लक्ष्मण कुर्मी बारा–पर्सा औद्योगिक करिडोरमा श्रम अदालत नहुँदा यहाँका मजदुरले ठूलो समस्या झेल्दै आइरहेको बताउछन । "उद्योगी र व्यवसायीबाट पीडित भएको श्रमिक न्याय खोज्नकै लागि श्रम अदालत काठमाडौँ धाउनुपर्ने समस्या यथावत् नै छ", उनले भने, "बिहान–साँझ श्रम गरेर खानुपर्ने श्रमिक आफ्ना सबै कुरा छाडेर कानुनी उपचारका लागि काठमाडौँ धाउनुपर्ने बाध्यताको अन्त्य गर्न जरुरी भइसकेको छ । हामीले पटकपटक बारा–पर्सा औद्योगिक करिडोर क्षेत्रलाई समेट्नेगरी श्रम अदालत स्थापना गर्न माग गरिसक्यौँ, तर अहिलेसम्म पनि कार्यान्वयन हुनसकिरहेको छैन ।"

अध्यक्ष कुर्मीले अहिले पर्साकै कानुन न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया पर्साकै हुनुभएकाले पनि उनले पहलकदमी गरेको खण्डमा श्रम अदालत वीरगंजमा ल्याउन सकिने बताए । "पर्साबाटै निर्वाचित हुनुभएका प्रतिनिधिसभा सदस्य कानुनमन्त्री बन्नुभएको छ । पक्कै पनि उनले पहलकदमी गरेको खण्डमा श्रम अदालत बनाउन कुनै अप्ठ्यारो हुने थिएन कि !" उनले भने, "ठूला खालका औद्योगिक करिडोर भएका स्थानमा श्रमसम्बन्धी विवाद पनि धेरै हुने भएकाले श्रम अदालतको आवश्यकता र औचित्य धेरै नै छ । त्यसैले पनि यहाँ श्रम अदालत स्थापनाका लागि जोडदार माग राख्दै पनि आइरहेका छौँ ।"

श्रमिकसँग जोडिएका मजदुरका तीनवटै सङ्गठनले पटक–पटक बारा–पर्सा औद्योगिक करिडोरमा श्रम अदालत स्थापना हुनुपर्न्ने माग राख्दै आइरहेका छन् । तर, अहिलेसम्म श्रम अदालत भने स्थापना हुनसकेको छैन । श्रमिकका नेतामात्र नभएर बारा–पर्साका औद्योगिक करिडोरमा उद्योगधन्दा सञ्चालन गर्दै आइरहेका उद्योगी व्यवसायी पनि यहाँ श्रम अदालत हुनुपर्नेमा जोड दिँदै आइरहेका छन् ।

वीरगन्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरि गौतम उद्योगधन्दाबाट मर्का परेका श्रमिक न्याय खोज्न काठमाडौँ धाउनुपर्ने परिपाटीको अन्त्य गर्न जरुरी रहेको बताउछन । "झापा वा महेन्द्रनगरका कुनै उद्यमीले श्रमिकलाई अन्याय गरेपछि न्याय खोज्न श्रमिक काठमाडौँको श्रम अदालत धाउनुपर्ने बाध्यता विद्यमान छ । त्यहाँको श्रमिक न्याय खोज्नका लागि काठमाडौँ आउन निकै झन्झटिलो छ । त्यसैले पनि उद्योगमा ती श्रमिक पिल्सिएर नै बस्नुपर्ने अहिलेको अवस्थाले देखाउँछ", उनले भने, "श्रमिकले उद्योग वा रोजगारदाताविरुद्ध श्रम अदालतमा मुद्दा दायर गरेको खण्डमा पनि सो मुद्दाको फरफारक गर्न उद्योगी तथा रोजगारदाता पनि श्रम अदालत काठमाडौँ नै धाउनुपर्ने अवस्था कायमै छ । अहिलेको एउटामात्र श्रम अदालत न त श्रमिकको पक्षमा न उद्योगी तथा रोजगारदाताको पक्षमा नै छ । त्यसैले पनि सकेसम्म प्रदेश–प्रदेशस्तरमा भए पनि श्रम अदालतको व्यवस्था गर्न अनिवार्यजस्तै भइसकेको छ ।"

अध्यक्ष गौतमले बारा–पर्सा औद्योगिक करिडोरमा ५० हजारभन्दा धेरै श्रमिक कार्यरत रहेकाले पनि यहाँ श्रमसम्बन्धी धेरै विवाद र मुद्दा पर्ने भएकाले पनि श्रम अदालत स्थापना गर्नुपर्ने बताए ।

पर्सा र बारामा ठूला खालका उद्योगधन्दा यति नै छन् भन्ने खालको एकीन तथ्याङ्क नभए पनि आठ सयदेखि बाह्र सयको हाराहारीमा रहेको अनुमान गरिएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको राष्ट्रिय आर्थिक गणना २०७५ अनुसार पर्सामा औद्योगिक उत्पादन गर्ने प्रतिष्ठानको संख्या भने एक हजार ६४६ रहेको छ । त्यसैगरी कृषि, वन तथा माछापालन व्यवसाय दर्ता भएका प्रतिष्ठानको सङ्ख्या १२६ छ । बारामा पनि औद्योगिक उत्पादन गर्ने प्रतिष्ठानको सङ्ख्या एक हजार २२५ छ । कृषि, वन तथा माछापालन व्यवसाय दर्ता भएका प्रतिष्ठानको सङ्ख्या भने १५२ रहेको छ ।

## यस्तो छ कानुनी व्यवस्था

श्रम ऐन, २०७४ को दफा १५१ मा सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक सङ्ख्यामा श्रम अदालत गठन गर्ने व्यवस्था गरिएको छ । अधिवक्ता रामनारायण कुर्मी बारा–पर्सा औद्योगिक सानाठूला गरेर एक हजारभन्दा धेरै उद्योग कलकारखाना भए पनि श्रमिकसम्बन्धी कुनै विवाद भएको खण्डमा श्रम अदालत काठमाडौँ धाउनुपर्ने बाध्यता रहेको बताए ।

"यहाँ श्रम अदालतको आवश्यकता भए पनि अहिलेसम्म राज्यले ध्यान दिन सकिरहेको छैन", उनले भने, "मजदुरको श्रमसम्बन्धी विवाद वा गुनासो सुन्ने ठाउँ नहुँदा पनि उनीहरू समस्यामा परिरहेका छन् ।" अधिवक्ता कुर्मीले श्रम ऐन, २०७४ मा उच्च अदालतलाई श्रम अदालतको काम गर्ने जिम्मेवारी तोक्ने व्यवस्था भए पनि अझै कार्यान्वयनमा आउन नसकेको बताउछन ।

श्रम ऐन, २०७४ को दफा १५८ मा उच्च अदालतले श्रम अदालतको काम गर्ने सम्बन्धमा कानुनी व्यवस्था पनि गरेको छ । "यस परिच्छेदमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएता पनि सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै उच्च अदालतलाई क्षेत्राधिकार तोकी श्रम अदालतको काम गर्नेगरी तोकिदिन सक्नेछ", श्रम ऐनमा भनिएको छ ।

तर, सरकारले राजपत्रमा सूचना प्रकाशित गरेको खण्डमा मात्र उच्च अदालतले श्रमसम्बन्धी मुद्दाको कारबाही र किनारा लगाउन सक्ने थियो । सोसँग सम्बन्धित व्यवस्था नहुँदा श्रमिक र रोजगारदाता दुवैले सास्ती भोग्दै आइरहेका छन् । उपदफा १ बमोजिम तोकिएको उच्च अदालतले मुद्दाको कारबाही र किनारा गर्दा यस परिच्छेदबमोजिम श्रम अदालतले प्रयोग गर्र्ने सबै अधिकार प्रयोग गर्न सक्ने छ । श्रम अदालतमा अध्यक्ष र दुई जना सदस्य रहने प्रावधान छ । उच्च अदालतका बहालवाला न्यायाधीश वा उच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेको व्यक्ति श्रम अदालतको अध्यक्ष वा सदस्य हुन योग्य हुने छ ।

सङ्घका अध्यक्ष गौतमले उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जलाई श्रम अदालतको जिम्मेवार निकाय तोकेको खण्डमा मात्र पनि श्रमिक र रोजगारदाता दुवै सहज न्यायको पहुँचमा पुग्ने बताए । "श्रम अदालत भएसँगै श्रमिकले सहज ढङ्गले आफ्नै घरदैलो पनि न्यायमा सहज पहुँच र न्याय प्राप्त गर्न सक्ने छ । उद्योगपतिहरूले पनि अर्धन्यायिक निकायबाट भन्दा पनि न्यायिक निकायबाट आफ्नो मुद्दाको निरुपण गर्ने मौका प्राप्त गर्न सक्छन ", उनले भने, "सङ्घीयताको मर्मअनुरुप श्रम अदालतले विकेन्द्रीकृतलाई जोड दिने छ । न्यायको पहुँचमा पुर्याउन मद्दत पुग्ने छ ।"रासस

# प्रदेशसभा सदस्य सिंहद्वारा सामुदायिक भवन शिलान्यास



**उमेश कुमार साह**
**सप्तरी**

सप्तरीको बोदे बर्साईन नगरपालिका वडा नम्बर –५ बजार स्थित श्री हरिशंकर मन्दिरको प्राङ्गणमा सामुदायिक भवन निर्माण हुने भएको छ ।

मधेश प्रदेश सरकारको सहयोगमा निर्माण हुने उक्त सामुदायिक भवनको सोमबार आयोजित एक कार्यक्रमको विच मधेस प्रदेशसभा सदस्य अनिरुद्ध कुमार सिंहले शिलान्यास गरेका छन ।

सामुदायिक भवन शिलान्यास कार्यक्रममा वडा नम्बर ५ का अध्यक्ष मोजिबुर रहमान ,स्थानीय नेता खगेन्द्र प्रसाद यादव , ब्यापारी प्रमोद साह , राधेश्याम भगत , प्राविधिक इन्जिनियर रुद्र नारायण पन्डित , सब इन्जिनियर अजय कुमार चौधरी लगायतको उपस्थिति रहेको थियो ।

मधेश प्रदेश सरकारको ३० लाखको लागतमा मन्दिर प्राङ्गणमा सामुदायिक भवन निर्माण गरिने उपभोक्ता समितिका अध्यक्ष अनिल प्रसाद सिंहले बताए । भवन निर्माण कार्य जेठ ३१ भित्र सम्पन्न गरिने उनले जानकारी दिए ।

# भन्सार छलीको सामानसहित टेम्पो चालक पक्राउ

**मधेसदृष्टि**
**रौतहट**

प्रहरी गस्ती टोलीले रौतहटको सदरमुकाम गौर स्थित बसपार्कमा भन्सार छलीको अबैध सामान बोकेको टेम्पो संगै चालक लाई पक्राउ गरेको छ ।

सिमावर्ती भारतीय बजार बैरगनियाबाट भन्सार छली ल्याएको ४ लाख २९ हजार ९२० रुपैया बराबरको कपडा, किराना, भाँडा बर्तन बोकेको ना २ ह ४६६० नम्बरको टेम्पो सहित चालक परोहा नगरपालिका ४ का ३० बर्षीय उमेश कुमार यादव लाई जिल्ला प्रहरी कार्यालयबाट गएको टोलीले चेकजाँचको क्रममा पक्राउ गरेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी दीपक कुमार रायले न्युज कारखाना लाई बताएका छन् ।

बरामद भन्सार छलीको सामान सहित टेम्पो र चालक यादव लाई आवश्यक कारवाहीको लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाईएको जिल्ला प्रहरी कार्यालय रौतहटले मंगलवार जारीगरेको सूचनामा उल्लेख गरिएको छ ।

जिल्ला प्रहरी प्रमुख एसपी दिलीप घिमिरेको निर्देशनमा प्रहरीले सञ्चालन गरेको तस्करी नियन्त्रण अभियान अन्तर्गत करोडौँको भन्सार छलीको सामान, दर्जनौ सवारी साधन र तस्करलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याईएको छ ।

प्रहरीको सक्रियताले बिगतको तुलनामा रौतहटमा भारतीय सामानको तस्करी न्यून प्रायः भएको जानकारहरुले बताएका छन् ।

**जानकी केबल ईन्डष्ट्रि प्रा.लि. को**
**प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**
**(प्रकाशित मितिः २०८२/०१/०३)**

मधेस प्रदेश धनुषा जिल्ला क्षिरेश्वरनाथ नगरपालिका वडा नं. ४ को श्री जानकी केबल ईन्डष्ट्रि प्रा.लि. द्वारा नम्नि बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री जानकी केबल ईन्डष्ट्रि प्रा.लि., क्षिरेश्वरनाथ नगरपालिका वडा नं. ४, धनुषा, मधेस प्रदेश, नेपाल<br>सम्पर्क नं. : ९७७-९८४२०१८१९१<br>इमेल : janakicableindustries@gmail.com |
| प्रस्तावको व्यहोरा | प्रस्तावित उद्योग धनुषा जिल्लाको क्षिरेश्वरनाथ नगरपालिका वडा नं. ४, को कित्ता नं ७, ३३७, ३३८, ४५२, ५६६ र ६०६ को ४०२८.६६ बर्ग मि. क्षेत्रफलमा सञ्चालन गरिनेछ।<br>यस उद्योगको प्रमुख उद्धेश्य बिभिन्न किसिमको बिजुलीको तार उत्पादन गर्नु हो।<br>बार्षिक २०० मे.टन. तार उत्पादन गरिरहेको यस उद्योगको क्षमताबृद्धि तथा स्तरोन्नती पश्चात बार्षिक उत्पादन ६६०० मे.टन हुनेछ। |
| प्रभाव पर्न सक्ने जिल्ला र नगरपालिका | धनुषा जिल्ला, क्षिरेश्वरनाथ नगरपालिका वडा नं. ४ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रका प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न क्षिरेश्वरनाथ नगरपालिका तथा यस क्षेत्रको विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम : श्री जानकी केबल ईन्डष्ट्रि प्रा.लि.<br>ठेगाना : क्षिरेश्वरनाथ नगरपालिका वडा नं. ४, धनुषा, मधेस प्रदेश, नेपाल<br>सम्पर्क न : ९७७-९८४२०१८१९१<br>इमेल : janakicableindustries@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | नाम : ग्रिन नेपाल ईन्जिनियरिङ्ग सर्भिसेस प्रा.लि.<br>ठेगाना : सल्लाघारी, भक्तपुर, नेपाल<br>ईमेल : joshitejkiran@gmail.com<br>सम्पर्क नं. : ९७७-९८४१६८६२४३, ९७७-९८१०२५१५४२ |

# दुई महिनापछि सकुशल भेटिन् रोशनी

**मधेसदृष्टि**
**सप्तरी**



भारतको उत्तर प्रदेश अयोध्यास्थित राम मन्दिर परिसरबाट दुई महिनाअघि हराएकी राजविराज ७ की रोशनी भेटिएकी छिन् ।

प्रयागराजमा लागेको बिशाल महाकुम्भमा स्नान पश्चात् अयोध्यास्थित राममन्दिर दर्शन गर्न परिवारसहित पुगेकी २० वर्षिय रोशनी गत फागुन ३ गते भिडमा सम्पर्कबिहीन भएकी थिइन् ।

परिवारजनले उत्तर प्रदेशस्थित खोयापाया केन्द्र (हराएका व्यक्ति बारे सूचना दिने केन्द्र) मा पुगि जानकारी गराएका थिए । यसका अतिरिक्त परिवारजन उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ तथा मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह समेतलाई भेटी रोशनीको खोजि र उद्धारमा सहयोगका लागि आग्रह गरेका थिए ।

हराएका सदस्यको खोजिमा लामो समयदेखी भौतिरिएका साह परिवारलाई चार दिनअघि उत्तर प्रदेश प्रहरीबाट आएको खबरले निकै खुशी बनायो ।

हराएको दुई महिना बित्न लाग्दा पनि नभेटिएका परिवारका सदस्य अब भेटिएलान भन्ने विश्वास नै नभएको बेला अचानक उत्तर प्रदेश प्रहरीको प्रयासले छोरी साथमा पाउन सम्भव भएको बुबा बिरेन्द्र साहले बताए । लामो समयपछि रोशनी भेटिएपछि पुरै परिवार अहिले हर्षित छन् ।

साहले छोरी भेटिने माध्यम बनेका उत्तर प्रदेश प्रहरीले मन्दिर आसपासकै क्षेत्रबाट सकुशल उद्दार गरि आफूहरुलाई बोलाएर जिम्मा लगाएको बताएका छन् । रोशनी मधेश आन्दोलनका सहिद स्व. दिलिप साहकी आफ्नै भतिजि हुन् ।

प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले तिर्थ यात्राका लागि भारतको अयोध्या पुगेकी रोशनी सम्पर्कबिहीन भएको बेला परिवारजनले जानकारी गराएर पहलका लागि आग्रह गरेपनि अहिले भेटिएको सुनिएपनि परिवारजनले आधिकारीक रुपमा कुनै जानकारी नगराएको बताएका छन् ।

# वडाद्वारा सार्वजनिक सेवामा कार्यरतलाई सम्मान

**मुकेश कुमार साह**
**रौतहट**

नयाँ वर्ष २०८२ को अवसरमा गुजरा नगरपालिका वडा नं. २ द्वारा देशभरका विभिन्न सरकारी सेवा क्षेत्रमा कार्यरत स्थानीय कर्मचारीहरूलाई सम्मान गरेको छ । वडा अध्यक्ष अशोक चौधरीको नेतृत्वमा आयोजित कार्यक्रममा निजामती, शिक्षण, बैंकिङ र सुरक्षा निकायमा क्रियाशील ५० जना भन्दा बढी कर्मचारीहरूलाई प्रशंसा–पत्रद्वारा सम्मान गरिएको हो ।

वडा अध्यक्ष अशोक चौधरीले सम्मानित कर्मचारीहरूलाई बधाई दिँदै भने, "हामी गर्व गर्छौं कि हाम्रो वडाका छोराछोरीहरू मुलुकका विभिन्न स्थानमा महत्वपूर्ण जिम्मेवारी सम्हाल्दै छन् ।

उहाँहरूको इमानदार सेवाले हाम्रो वडाको छवि उज्यालो बनाएको छ। आजको यो कार्यक्रम उहाँहरूप्रति हाम्रो कृतज्ञता र स्नेहको प्रतीक हो ।"

कार्यक्रमको संचालन सुरेन्द्र तिमल्सिनाले गरेका थिए ।कार्यक्रममा सम्मानित मालपोत कार्यालय चन्द्रनिगाहपुरमा कार्यरत नायब सुब्बा ज्ञानेन्द्र काफ्लेले भने, "गाउँले सम्झेर यस्तो सम्मान गर्नु भएकोमा निकै गर्व र भावुकता दुवै महसुस भएको छ । यो सम्मान मेरो मात्र होइन, सम्पूर्ण कर्मचारी समुदायप्रतिको कदर हो । यसले आगामी दिनहरूमा झन इमानदार र समर्पित भएर काम गर्न ऊर्जा मिलेको छ ।"

उक्त कार्यक्रममा स्थानीय समाजसेवी, राजनीतिक व्यक्तित्व, बुद्धिजीवी, शिक्षक, पत्रकार तथा युवा स्वयंसेवकहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

कार्यक्रमको अन्त्यमा नयाँ वर्ष २०८२ को उपलक्ष्यमा एकआपसमा शुभकामना आदान–प्रदान गरिएको थियो ।

## सम्पादकीय

# जूडशितलले दिएको सन्देश

*तराई मधेसमा मंगलवार हर्षोउल्लासका साथ जूडशिलत पर्व मनाइएको छ । मिथिलाञ्चलमा रहेक महिना कुनै न कुनै पर्वहरु मनाउने गरिन्छ । रहेक पर्वले आफनो सन्देशहरु दिने गरेका छन । जसकारणले गर्दा मधेसमा रहेक महिना प्रायः जसो पर्वहरु मनाउने गरिएको छ । मंगलवार मनाइएको एतिहासिक पर्व जूडशितलको समेत आफै मौलिक महत्व रहेको छ । अहिले खास गरेर जसरी पर्यावरणको विनास भईरहेका छन।*

*त्यस्तो अवस्थामा यसलाई जोगाउने पर्ने खालको सन्देश समेत दिने गरेको छ। मिथिलामा रहेक संस्कृति पर्वको एउटा महत्व र सन्देश छन यस पर्वले समेत हामीलाई पर्यावरणको लागि प्रयासहरु सबैले गर्नु पर्छ भन्ने सन्देश दिने गरेको छ। विहानै उठेपछि आफुभन्दा श्रेष्ठबाट राति नै पित्लको लोटा वा गा्रगीमा राखिएको पानी शिरमा राख्ने गरिन्छ । यसले तपाईको जिवनमा शितला रहि रहसो भन्ने कामना हो भने एउटा सन्देश के छ भने अब गर्मी बढन थालेको छ। समय समयमा यसबाट जोगिनको लागि आफनो टाउकोमा पानी राख्नु पर्छ त्यसले तपाईलाई जोगाउने कार्य गर्छ। त्यसपछि घरका पुरुषहरु आ आफनो घरहरुको नजिक रहेको पोखरी र कुवालाई सफाई गर्दै एक अर्कामाथि हिलो छाप्ने गर्छ भने आफनो घर बैगैचामा रहेको रुखहरुमा पानी हाल्ने गरेका छन।*

*कतिपय ठाउमा यस दिनमा रुख रोपन समेत गर्ने परम्परा रहेको छ। यसको अर्थ के हो भने हामीले रुखको संरक्षण गर्नु पर्ने आवश्यकता रहेको छ। रुखको संरक्षण भएको खण्डमा मात्रे हाम्रो पर्याकिवरणको एउटा चक्र जोगिन्छ ।माटो शरिरमा लगाएको खण्डमा कतिपय रोगहरुको समेत नास गर्ने तत्वहरु रहेको पाईन्छ । माटो पृथ्वीको एक अत्यावश्यक अंग हो जसको महत्व मानव जिवनमा नै रहेको छ। यसले मानव जिवनको विकासको चक्रलाई नै निर्धारण गरेको छ। माटो विना मानवको कल्पना समेत गर्न सकिन्न त्यसकारणले माटोलाई संरक्षण गर्नको लागि हामीबाट के कस्ता खालको प्रयासहरु गर्नु पर्छ भनने खालको सन्देश समेत दिएको छ । माटोले रुख बिरुवा र वनस्पति धारण गर्छ जुले हामीलाई अक्सिजन उतपादन गर्ने सघाउने गर्छन। माटोमा पानी सोस्ने र जमिनमुनिको पानी भण्डारण गने काम गर्छ जसले भुमिगत जलश्रोतको समेत विकास गर्ने गरेको कारणले माटोको महत्व दर्साउने गरिन्छ । अर्को तर्फ रुखले समेत यस खालको महत्वपलाई दर्साउने गरेको पाईन्छ । रुखको समेत संरक्षण गर्नुपर्ने सन्देश दिने गरिएको छ । त्यसकारणले जूडशितल मिथिलाको पर्यावरण संरक्षणको लागि सबैको सहयोगको आवश्यकता रहेको भन्ने सन्देश दिने गरेको छ। यस पर्वका दिन विहान सबै जनाले आ आफनो घर अगाडि वा वगैचामा रहेको रुखमा पानी हाल्ने नयां रुख रोप्ने गरेका छन।*

*रुखका जराले माटो जोगाउन गर्छ भने रुखले प्रकास संश्लेषण मार्फत अक्सिजन उत्पादन गर्छ जुन मानवको लागि साँस फेर्न सहयोग पुर्याउने गर्छ। त्यसकारणले माटो र रुख मानवको लागि धेरै महत्वपुर्ण रहेको छ भन्ने खालको सन्देश दिने गरेको छ। आज वन जंगल विनास भईरहेको छ जसको प्रत्यक्ष असर अहिले पर्यावरणमा परेको छ। वायू प्रदूषण जस्ता समस्याहरु देखा परेको छ। जो समस्याको एउटा कारण जस्तै रहेको छ। मानवको लागि अहिले सबै भन्दा ठुलो चुनौती नै स्वच्छ हावा भएको छ। त्यसकारणले हामीले आफनो घर आँगनमा कसरी वृक्षारोपण गर्ने त्यसबाट कसरी लाभ लिने जस्ता कुराहरु आजपनि धेरै महतवपुर्ण भएको छ । मानव जिवन अहिले पर्यावरण जोखिमको कारणले चुनौती र सकंट पुर्ण अवस्थामा पुग्न थालेको छ। त्यसकारणले अहिले सबै भन्दा पहिला हामीले पर्यावरणलाई जोगाउनुपर्ने आवश्यकता रहेको छ।*

# होटल र पार्कले भरिँदै धरान आसपासका डाँडापाखा

**संगीता राई**

घुम्नका लागि धरान पुग्नेहरु भेडेटारमा पुगेर चिसोको आनन्द लिने गरेको वर्षौं भइसक्यो । अर्थात् धरान र भेडेटार एकअर्काका पर्याय भइसके, स्थापित भइसके।

कवि उपेन्द्र सुब्बाले 'भेडेटारको पिकनिक' कवितामा भने झैँ भेडेटारमा रहेका पर्यटकीय पूर्वाधारले सबै उमेर समूहका व्यक्तिलाई लोभ्याउने गरेकै थियो । अहिले भने भेडेटारसम्म पुग्नै पर्दैन । केही तलका डाँडापाखामा खुलेका राम्रा, आकर्षक, शान्त र मनै लोभ्याउने होटल रिसोर्टले स्थानीय र टाढाटाढाका पर्यटकलाई राम्रै सेवा दिन थालेका छन्।

धरान उपमहानगरपालिका–१३ स्थित भ्यू–पोइन्ट र साराङ्गा डाँडालगायतका डाँडापाखा केही वर्षपहिले सुनसान जङ्गल थिए। तर ती ठाउँ अहिले नयाँ होटल, रिसोर्ट र रमणीय पार्कहरुले भरिँदै गएका छन्।

पार्क र होटलहरु निर्माण भएसँगै पर्यटनको आगमन पनि बढ्दै गएको छ । अहिले यस क्षेत्रमा ४० वटाभन्दा बढी होटल रिसोर्ट र रेष्टुरेन्टहरु सञ्चालनमा रहेका छन्भने दर्जनौँ पार्क निर्माण गरिएको छ जसका कारण यहाँ दैनिक नेपाल भारतलगायतका ठाउँहरुबाट उल्लेखनीय सङ्ख्यामा पर्यटकहरुको आगमन हुने गरेको स्थानीय व्यवसायीहरुको भनाइ छ।

धरान–१३ का स्थानीय निरज कोइरालाको भनाइअनुसार धरानको सन्ध्याकालीन व्यापार र रमझम केहीमाथिका डाँडातिर सरेको छ । "केही वर्ष अगाडिसम्म यी डाँडा, जङ्गल, झाडी र गोठालाका खेलमैदान सुनसान जस्तै हुन्थे। हामी घाँसदाउरा र गोठाला जाने गर्थ्यौं," कोइरालाले सुनाए।

"कुनै समय उजाडझैँ देखिने डाँडापाखाहरुमा पार्क र रिसोर्टहरुले ढाकिएसँगै यहाँका स्थानीयवासीले रोजगारीका लागि नयाँ अवसरहरु पनि पाइरहेका छन्," कोइरालाले भने । 'लाहुरेको शहर, फेसनेबल शहर, खेलकुदको शहर'लगायत अनेक उपनामले परिचित धरान शहर पछिल्लो समय मनोरञ्जन क्षेत्रका रुपमा निकै अगाडि छ। यसैको एउटा नमूना हो, डाँडापाखामा खुलेका नयाँ होटेल, रिसोर्ट र मनोरञ्जनात्मक पार्कहरु।

पर्यटकीय हिसाबले भरपुर सम्भावना देखिएसँगै यस क्षेत्रलाई लक्षित गर्दै स्थानीय तथा बाह्य लगानीकर्ताहरुले पर्यटन व्यवसायमा लगानी बढाउँदै लगेका छन् । वैदेशिक रोजगारीका सिलसिलामा १४ वर्ष कतारमा दुःख गरेर नेपाल फर्किनुभएका सुनिल श्रेष्ठले धरान उपमहानगरपालिका–१३ मा 'द होटल भ्यू' सञ्चालन गरिरहनुभएको छ । विदेशमा गएर सिकेको सीप, अनुशासन र व्यवसाय कौशललाई होटल सञ्चालन गरेर उपयोग गरिरहेको सञ्चालक श्रेष्ठले बताए।

"सुरुमा ठूलो लगानीबाट सुरु गरिएको व्यवसाय कतै डुब्ला कि भन्ने डर थियो । सुरुआती समयमा चुनौतीहरु भए पनि अहिले होटल राम्रो चलिरहेको छ। त्यही कारण व्यवसायमा थप लगानी गर्ने हौसला मिलेको छ । धरानको प्राकृतिक सौन्दर्यलाई जोगाउँदै आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने प्रयत्न गरिरहेका छौँ," उनले भने। अहिले तीन कट्ठा जमिनमा करिब एक करोडको लगानीमा सपरिवार मिलेर होटल सञ्चालन गरिरहेको उनले जानकारी पनि दिए।

धरान आसपासका डाँडामा होटल र मनोरञ्जन पार्क निर्माण भई सञ्चालनमा आएपछि रोजगारीको अवसर पनि खुलेको छ। 'द होटल भ्यू' मा मात्रै १७ जनाले रोजगारी पाएका छन्। "समय समयमा कामदारलाई तालिम दिने गरेको छु । अब चाहिँ लाग्न थाल्यो स्वदेशमै बसेर पनि राम्रो कमाई गर्न सकिने रहेछ," श्रेष्ठले भने ।

द होटल भ्यूमा विगत तीन वर्षदेखि काम गरिरहनुभएका समीर परियार भन्छन, "मैले यहाँ रोजगारी नपाएको भए अहिले म विदेश पलायन भइसक्थेँ होला। आफ्नै ठाउँमा रोजगार पाएको छु। धेरथोर भए पनि आम्दानी गरिरहेको छु। परिवारसँग बस्न पाएको छु । आफ्नो गाउँठाउँका होटलहरु विदेशी र स्वदेशी पाहुनाहरुको स्वागत सत्कार गर्न पाउँदा खुसी लागेको छ।"

"धरान–१३ को होटल मनशान्तका मेनेजर सुजन राईका अनुसार कोरोना महामारी भएको बेला व्यापार–व्यवसाय खस्किएको थियो। तर अहिले बिस्तारै पर्यटकको आगमन बढ्न थालेको छ । जस्ले गर्दा व्यापार–व्यवसायमा सुधार हुँदै गएको छ," उनले भने । अहिले पर्यटकको चहलपहल निकै हुन थालेपछि यहाँका व्यवसायीहरु पनि खुसी छन्। दैनिक हजारौँ सङ्ख्यामा आन्तरिक तथा बाह्य पर्यटक घुम्न आउने गरेको उनले बताए।

धरानका डाँडापाखामा व्यावसायिक प्रयोजनका लागि होटल र पार्कहरु तीव्र गतिमा भरिने क्रममा रहेको छ । डाँडापाखा शान्त वातावरण, प्राकृतिक सौन्दर्य र शीतल हावाको मजा लिन चाहनेहरूका लागि धरानका डाँडापाखाहरु गन्तव्य बनेको छ।

पिकनिक स्पट, भव्य रिसोर्ट, आकर्षक पार्कले आन्तरिक पर्यटकलाई तानिरहेको इटहरीबाट घुम्न आउनुभएकी सुमी राईले बताईन । "धरानको सिरानमा रहेका यस क्षेत्रका होटल रिसोर्टहरु साँच्चिकै मनमोहक छन्। इटहरीबाट साथीहरुलाई लिएर घुम्न आएँ। यस ठाउँबाट धरान बजारका साथै सुनसरीको समथर फाँट, कोशी नदी, चारकोसे झाडी, चिन्डेडाँडालगायतका ठाउँको दृश्यावलोकन गर्न सकिन्छ रहेछ । साथै चिसो हावापानी पाउँदा साँच्चिकै रमाइलो लागेको छ।"

सुमी राईलाई जस्तै तराईको गर्मी छल्ने र केही घण्टा भए पनि मनोरञ्जन गर्नेहरुका लागि धरान आसपासका डाँडा नयाँ गन्तव्य बनेका छन्। केही वर्षअगाडि यस ठाउँमा आउँदा फाट्टफुट्ट मात्र रिसोर्टहरु थिए । तर अहिले डाँडाभरि होटल रिसोर्टहरु खुलिसकेका छन् । "हामी शहरको भीडभाडबाट केही माथि सुन्दर अनि शान्त ठाउँमा आएर निकै रमाइलो गर्‍यौँ, यहाँको प्राकृतिक सौन्दर्यले मन नै आनन्दित हुन्छ अरू साथीभाइलाई पनि यस ठाउँमा घुम्न आउन आग्रह गर्छु," सुमीले भनिन।

धरानका डाँडापाखामा खुलेका होटल र फास्टफुड पसलमा नेपाली पर्यटकसँगै भारतीय पर्यटकको पनि आकर्षण बढेको छ। धेरैजसो पर्यटकहरु धनकुटाको भेडेटार र नाम्जे जाने गर्थे । तर धरान आसपासका डाँडामा होटल र रिसोर्टहरु खुलेपछि पर्यटकहरु आकर्षित भएको धरान–१३ स्थित होटल साराङ्गाका सञ्चालक जेशिस राईले बताए।

कोशी राजमार्ग आसपास रहेको होटल र रिसोर्टमा आउने पर्यटकमध्ये करिब ४० प्रतिशत भारतीय नागरिकहरु रहेका छन् । पूर्वाधार विकाससँगै थप मनोरञ्जनका क्षेत्र विस्तार गर्न सके यो क्षेत्रमा पर्यटन व्यवसाय अझै फस्टाउने होटल साराङ्गाका सञ्चालक राईको भनाइ छ।

धरान आसपासका डाँडामा व्यक्तिका नाममा जग्गा भए पनि उपयोगमा आएका थिएनन् । घारी जङ्गल थियो, चोरी डकैती हुने गर्थ्यो । लागुऔषध सेवनकर्ता जताततै देखिन्थे । दिउँसो एक्लै हिँड्डुल गर्न कठिन थियो। साँझ परेपछि धनकुटातिर जाने सवारी साधनहरुमा समेत लुटपातको डर हुने गर्थ्यो। तर अहिले मध्यरातसम्म यी ठाउँमा झिलीमिली र गुल्जार हुने गरेको धरान–१३ का स्थानीय पदम राईले बताए।

"डाँडापाखामा चारैतिर होटल रिसोर्टहरुले झिलीमिली भएको देख्दा साह्रै राम्रो लाग्छ । होटल रिसोर्टहरुमा सयौँ युवाले स्वदेशमै रोजगार पाएका छन्। अझै थप पूर्वाधार निर्माण हुने क्रममा रहेको छ। अब यो ठाउँ धरान आउने पर्यटकका लागि पुग्नै पर्ने गन्तव्यका रुपमा विकास भएको छ," उनले भने।

धरान उपमहानगरपालिका–१३ मा निर्माण गरिएको ओशो पार्क जहाँ आन्तरिक तथा बाह्य पर्यटकको मुख्य आकर्षण केन्द्रका रुपमा विस्तार हुँदै गएको छ। धरानको मुख्य बजार भानुचोकबाट करिब छ किमीमाथि निर्माण गरिएको पार्क जहाँ त्यसको वरपर श्रमदानबाट बनाइएका एसडिबी, रकगार्डेन, बिपी पार्कलगायत एकैसाथ दर्जनौँ पार्क निर्माण गरिएको छ।

वरिपरिको हरियाली वातावरणसहित ढकमक्क फुलेका फूलले पर्यटकको मन त्यसै लोभ्याउँछ। ओशो पार्कमा पुग्नुभएका पाँचथरका सन्दीप लिम्बू भने "आजभन्दा पाँच–सात वर्षअगाडि यस ठाउँमा आउँदा चारैतिर जङ्गल झाडी अनि बगर थियो। अहिले यस्तो राम्रो पार्क बनिसकेछ।" "अब स्थानीयस्तरबाट पनि केही पार्क र वनभोजस्थलहरु थप्नका निम्ति कामहरु गर्न खोजिरहेका छौँ। होटेल पार्कहरुमा स्थानीय संस्कृति झल्काउने वातावरण बनाउने योजना अगाडि ल्याएका छौँ," धरान उपमहानगरपालिका–१३ का वडाध्यक्ष नेत्र काफ्लेले बताए।

"नयाँनयाँ निर्माण भइरहेका होटेल र पार्क निर्माणका कार्यलाई हामीले नियमन र सहजीकरण गर्दै आइरहेका छौँ। धरानको उत्तरी क्षेत्रलाई संरक्षण र विकास गर्न उपमहानगरपालिकाका तर्फबाट विस्तृत योजना बनाइरहेका छौँ। यो ठाउँलाई धरानको सौन्दर्य पहिचानसँग जोड्ने योजना छ," वडाध्यक्ष काफ्लेले भने।

यहाँ सुनसरी, मोरङ, झापा, विराटनगरलगायत नेपालका विभिन्न ठाउँबाट आन्तरिक पर्यटक घुम्न जाने क्रम बढ्दै गएको छ। यहाँ पारिवारिक मिलन र भेटघाट, पारिवारिक घुमफिर, जन्मदिनका कार्यक्रम गर्ने चलन पनि बढ्दै गएको छ । यहाँका होटलमा नेपाली खानाका परिकार, स्थानीय जातजातिका खानाका परिकार, धराने कालो बङ्गुरको सेकुवा, सुकुटी, तोङ्बालगायतका स्थानीय खानाको स्वाद पनि पाइने होटल व्यवसायीहरुले बताए। रासस

# सिन्धुली कलाघर–जहाँबाट शुरु हुँदैछ विश्वलाई जोड्ने कला–क्रान्ति

**राधिका बुढाथोकी**

नेपाली मौलिकता झल्किने घुमाउने घरको छानोमा गर्वका साथ झन्डा फरफराइरहेको देखिन्छ। दलानमा बाँसबाट बनाइएका आकर्षक मुड्का लस्करै छन्। अतिथि सत्कारका लागि राखिएका मुड्का कुनै खाली छैनन्।

मञ्चमा स्थानीयदेखि राष्ट्रिय कलाकारसम्मले विभिन्न लोपोन्मुख सांस्कृतिक प्रस्तुतिहरु पस्किरहेका छन् । दर्शकदीर्घा हरेक दिन भरिन्छ, बच्चादेखि बुढासम्मको उपस्थितिले। २०८१ चैत २८ गतेदेखि यहाँ राष्ट्रिय कला महोत्सव चलिरहेको छ । महोत्सवमा नेपालको मौलिक जीवनशैली झल्किने वस्तुहरू सजिएका छन्। परम्परागत घरको नमूना बनाइएको छ । यहाँ प्रदर्शन गरिएका रोङ्गटे पिङ, ऐतिहासिक पुरातात्विक सामग्रीहरु, मौलिक बाजागाजादेखि जातीय झाँकी, गीत, लोक नृत्यमा संस्कृति बोलिरहेको छ । अर्गानिक खाद्यवस्तु, चियादानीमा उमालेको चिया र घरजत्रै ठेकीको मोहीसम्ममा नेपालीपन झल्किएको देखिन्छ।

खैंजडी भजनको लय, सुर र ताल, लोकदोहोरीको मिठास, स्थानीय र राष्ट्रिय कलाकारहरूको मन छुने प्रस्तुति महोत्सवका विशेषता हुन्। महोत्सवको भव्य उद्घाटन बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाबाट भएको थियो। वैशाख ३ गतेसम्म चल्ने यो महोत्सवमा हजारौँ दर्शकले आ–आफ्नो संस्कृति र पहिचानलाई नजिकबाट सिक्न, बुझ्न पाइरहेका छन्।

चपौली, बागमती प्रदेशको कमलामाई नगरपालिका–३ सिन्धुलीमा पर्दछ। यहाँको शान्त र सुरम्य परिवेशमा निर्माणाधीन छ, 'राष्ट्रिय कला सङ्ग्रहालय सिन्धुली कलाघर'। कलाघर पुग्न बिपी राजमार्गको सोलाभन्ज्याङ हुँदै सिन्धुलीगढी पार गरेर सात किलोमिटर अगाडि बढ्नुपर्छ। कालोपत्र सडकले यहाँ पुग्न सहज बनाएको छ । महोत्सव नचल्दा पनि पर्यटकलाई आकर्षित पार्दै गइरहेको यो स्थानले सिन्धुलीलाई कला नै कलाको पहिचानका रुपमा चिनाउँदै छ।

सिन्धुली कलाघरको प्राण हुनुहुन्छ, कलाकार चित्रबहादुर थापामगर 'सुमन'। चपौलीको स्थानीय बासिन्दासमेत रहनुभएका उहाँ सिन्धुली कलाघरको परिकल्पनाकार हुनुहुन्छ । कलाघरभित्र अनेक कलाहरु निर्माण गरी प्रदर्शनमा राखिएका छन्। चार रोपनी क्षेत्रफलमा फैलिएको कलाघर परिसरमा धार्मिकस्थल पशुपतिनाथ, बौद्धस्तूपा, भगवान् गौतमबुद्धको जन्मस्थान लुम्बिनी, जानकी मन्दिर, नौतले धरहरा, डम्फु, विश्वकै ठूलो सारङ्गी, मादल, मौलिक घुमाउने घर, लटरम्म फलेको जुनारको बोट, काठ तथा जराबाट बनाइएका कलाहरु, नेपाली मौलिक लोकबाजाहरु, परम्परागत लोपोन्मुख घरेलु तथा कृषि सामग्रीहरु, क्यानभास चित्रहरुलगायतका मौलिक संरचनाहरु कलामा रङ्गिएर बसेका छन्।

सिन्धुली कलाघर नेपाली मौलिकताको सम्मान, संस्कृति प्रवद्र्धन र सम्पूर्ण कला सिकाइको केन्द्र हो। बाहिरबाट हेर्दा सामान्य देखिने कलाघरभित्र अद्भुत कलाहरु सङ्ग्रहित छन् । गौरीशङ्कर हिमालको टाकुरोबाट टल्किने दृश्य यहीँबाट देखिन्छ । प्राकृतिक सुन्दरता, शान्त परिवेश र प्रेरणादायी वातावरणले यहाँ पुग्ने सबैको मन मोहित बनाउँछ।

अबको १० वर्षभित्र १९५ मुलुकलाई कलाको स्वरुपमा उतारेर कलाघरलाई 'विश्व कलाघर' का रुपमा विकास गर्ने सङ्कल्पका साथ खटिएको सिन्धुली कलाघरका अध्यक्षसमेत रहनुभएको कलाकार सुमनले जानकारी दिए। उनले भने, "हामी कलाघरलाई यतिमै सीमित राख्दैनौँ, यो हाम्रो जीवनशैली, संस्कार र सम्पदा हो । कलाकारको आश्रम, सांस्कृतिक विश्वविद्यालय र कला अनुसन्धान केन्द्र निर्माण गर्ने उद्देश्य बोकेर हामी यो महाअभियानमा होमिएका छौँ।"

कलाघरभित्र कला आश्रम पनि बन्नेछ । जहाँ जीवनभर कलामा समर्पित कलाकारले बुढ्यौलीपन सम्मानका साथ बिताउन सक्नेछन् । जसबाट कलाकारको जीवनभरको साधनालाई सम्मान हुनेछ। "कलाकारको पनि बुढ्यौली आउँछ, रोगले गाँज्छ। त्यसबेला कलामा रमाएर जीवन बाँच्न सकियोस् भनेर कला आश्रम निर्माण गर्नुपर्छ भनी लागिपरेका छौँ," कलाघरको नेतृत्व गरिराख्नुभएका सुमनले भने।

कला बचाउन सके देश बच्छ भन्ने बुझाइ भएका कलाकार सुमनसँग धेरै विधाका कला अनुभव छन्। नेतृत्वकला, वाद्यवादन, अभिनय, कार्टुन निर्माण, नाटक लेखन तथा भिडियो निर्देशन, उद्घोषण, मार्सलआर्ट, काष्ठ तथा हस्तकला, नृत्य, क्यारिकेचरलगायत विविध सिर्जनात्मक कला उनले कलायात्राकै दौरानमा बटुलेका छन।

आफूले बटुलेका कला आफैँभित्र मात्रै सीमित राखेनन बहुप्रतिभाका खानी कलाकार सुमनले। ज्ञान बाँडे बढ्छ भनेझैँ उनले आफूले सिकेका कला अरूलाई पनि सिकाए। जसले पहिचान बनाए उहाँ जस्तै कलाकारको। जो आज सुमनकै परिकल्पना र अवधारणालाई सार्थक बनाउन रात–दिन नभनी पसिना बगाइरहेका छन्, कलाकारहरु–पवित्रा रम्तेल, रीता थिङ, निरुता लामा, सञ्चिता थापामगर, रीता विश्वकर्मा, रिता तामाङ, रुविना पुलामी, सिर्जना गोले, अम्बिका पुलामी, गङ्गा ठटाल, सिद्धबहादुर विक, पदमबहादुर सार्की, जीवन थापामगरलगायत।

युवाहरु वैदेशिक रोजगारीमा पलायन भइरहेकै बेलामा आफ्नै थातथलोमा बसेर कला र संस्कृतिलाई संरक्षण, संवद्र्धन गर्ने उद्देश्य राखेका उनीहरुले कलालाई मनोरञ्जनका रुपमा मात्रै होइन, रोजगारी र आत्मनिर्भरताको आधारका रुपमा पनि लिएका छन् । कलाघरका सबै कलाकारहरु पञ्चेबाजा बजाउनदेखि नाच्न, गाउन पनि उत्तिकै सिपालु छन् । उनीहरुलाई देश तथा विदेशका विभिन्न ठाउँहरुमा प्रस्तुतिका लागि बोलाउने गरिएको छ। जहाँ पुग्दा पनि आफ्नो कला, गलाले सबैको मन जितेर फर्कन्छन्। एक पटक बोलाएको ठाउँमा पटक–पटक बोलाउँछन्। उनीहरुको जीविका यसैबाट चलेको छ नै कलाघर निर्माणमा समेत मद्दत पुगेको छ।

बाहिरी कार्यक्रमबाट फुर्सद मिल्नासाथ कलाकारहरु कलाघर फर्कन्छन् । कसैले बाजाको अभ्यास गर्न थाल्छन्। कसैले नृत्यमा पारङ्गत हुन प्रयास गर्छन्। कसैले गीतलाई प्रभावकारी बनाउन रियाज गर्छन्। फलाम, काठ, ढुङ्गा र माटामा विभिन्न कलाकृति खोज्न कसिन्छन् । सिन्धुली कलाघरको समूह नेपाली कला, संस्कृतिको संरक्षण र प्रवद्र्धनमा समर्पित छ। विशेषगरी, लोप हुँदै गएका परम्परागत बाजाहरू बचाइराख्ने कार्यमा कलाघर अग्रसर छ। नेपाली संस्कृतिमा कुनै पनि महत्वपूर्ण कार्य साइतमा गरिन्छ, र यस्ता साइतहरूलाई मङ्गलमय बनाउन मङ्गल धुन बजाउने परम्परा छ । जसका लागि अहिले देश–विदेशका धार्मिक, सामाजिक, साङ्गीतिक र सांस्कृतिक समारोहमा कलाकारका पञ्चेबाजा बजाउने महिला कलाकारको माग बढ्दो छ।

मौलिक पोसाकमा सजिएर दमाहा, झ्याली, ट्याम्को, ढोलकी र सहनाईको तालमा नाचेर कलाकारले दर्शकलाई नेपालीपनमा झुम्ने बनाउँछन्। पञ्चेबाजामा नेपाली संस्कृतिको आफ्नै भव्यता र गरिमा छ । एक समय महिलाले बाजा छुनु पनि अपवित्र मानिन्थ्यो, तर अहिले कलाघरका महिलाहरू बाजा बजाउने मात्र होइन, प्रशिक्षण दिनेसम्मको भूमिकामा छन्।

कलाघरको महिला पञ्चेबाजा समूहले राष्ट्रियस्तरका प्रतिस्पर्धामा समेत उत्कृष्ट सफलता हात पारिसकेको छ। विवाह, व्रतबन्ध, उत्सवदेखि अन्तरराष्ट्रिय साङ्गीतिक कार्यक्रममा समेत कलाघरको समूहलाई निमन्त्रणा आउँछ । "पुराना बाजाहरू हराउँदै जान थालेपछि हामी संरक्षणमा लाग्यौँ। बाजा भएर मात्रै भएन, बजाउने सीप पनि चाहियो भनेर बजाउन सिक्यौँ । अहिले विभिन्न कार्यक्रम, समारोहमा व्यावसायिक हिसाबले बजाउँदै हिँड्छौँ। नयाँ पुस्तालाई सिकाउन पनि सुरु गरेका छौँ," कलाकार तथा कलाघरकी उपाध्यक्ष पवित्रा रम्तेलले सुनाईन।

नेपाली मौलिकता र सांस्कृतिक पहिचानलाई नयाँ पुस्तासम्म हस्तान्तरण गर्ने कलाघरको अभियान बिस्तारै साकार बन्दै गएको उनले बताए। २०७५ सालमा सिन्धुलीमाडीमा सिन्धुली उद्योग वाणिज्य सङ्घले आयोजना गरेको महोत्सवमा आफ्नो कलाले पाएको प्रशंसाले कला संरक्षणको सपना जागाएको थियो, सुमनलाई। त्यही सपना साकार पार्ने सोचमा जन्म भएको हो, सिन्धुली कलाघरको।

कलाकार समुनको नेतृत्वमा रहेको कलाघर समूहले आफ्नै मेहनत र सिर्जनात्मकताबाट धेरै संरचनाहरू बनाइसकेको देख्न सकिन्छ। खुल्ला चौरबाट सुरु गरिएको सङ्घर्षले आज चार रोपनी क्षेत्रमा राष्ट्रिय कला सङ्ग्रहालय, सिन्धुली कलाघर निर्माणधीन छ। तर, कलाघरले अघि सारेको दीर्घकालीन लक्ष्य, उद्देश्य, योजना र अवधारणाअनुसार संरचना विस्तारका लागि जमिनको थप आवश्यकता परेको छ।

कलाघरलाई विश्व कलाघरका रूपमा विकास गर्दै १९५ राष्ट्रको सांस्कृतिक प्रतिनिधित्व गर्ने लक्ष्य साकार पार्न अझ धेरै ठाउँको खाँचो छ। कलाकारका लागि आवासीय कला आश्रम, सांस्कृतिक विद्यालय, र पाठशालाहरू निर्माण गर्न हालको जमिनले पुग्दैन।

योजनाहरू महत्वकाङ्क्षी छन्, तर ती योजना कार्यान्वयनमा ल्याउन आर्थिक स्रोतको व्यवस्थापन सबैभन्दा ठूलो चुनौती बनेको छ। कलाघरका योजना सुन्दा जति भावुक बनाउँछ, कार्यान्वयन उत्तिकै कठिन छ। तर, कलाघर समूहले हरेस खाएको छैन। "पैसा छैन, तर हिम्मत छ । हामी दिनरात नभनी पसिना बगाइरहेका छौँ। बनाउन सक्छौँ–सबैको साथ रह्यो भने," कलाकार तथा सिन्धुली कलाघरकी उपाध्यक्ष पवित्रा रम्तेलले भनिन।

हालसम्म सहयोगीका रूपमा केही समाजसेवी, स्थानीय सरकार, सङ्घसंस्था, र कलाप्रेमी अगाडि आएका छन्, तर त्यो पर्याप्त छैन। नेपालको मौलिक कला, संस्कृति र पहिचान जोगाउ र यसलाई विश्वसँग जोड्न स्थानीय, प्रदेश र सङ्घ सरकारसँग हारगुहार गरिरहेका छन्, सिन्धुली कलाघर समूह। "हामीसँग लक्ष्य, उद्देश्य, योजना र जनशक्ति छ, तर स्रोत छैन। हाम्रो कलालाई विश्वसामु उभ्याउन, सिन्धुली कलाघरलाई 'वल्ड आर्ट हाउस'का रुपमा विस्तार गर्न सरकारको दरिलो साथ चाहिएको छ," कलाकार रीता विश्वकर्माले सुनाईन।

सिन्धुली कला सङ्ग्रहालयमा राखिएका लोपोन्मुख सामग्री, ऐतिहासिक र सांस्कृतिक कलाकृतिहरू तथा कलाकारहरुको अद्भुत कला अनि सांस्कृतिक प्रस्तुतिहरुले स्थानीय र विदेशी पर्यटकहरूको ध्यान आकर्षित गर्न सफल भएको कमलामाई नगरपालिका, सिन्धुलीका प्रमुख उपेन्द्रकुमार पोखरेलले बताए।

नगरपालिकाले कलाघरले गरिरहेको सिर्जनात्मक र मौलिक कलाको उजागर, संरक्षण र प्रवद्र्धनमा निरन्तर सहयोग गर्ने उनको भनाइ छ।

बागमती प्रदेश सरकारका मुख्यमन्त्री बहादुरसिंह लामाले आगामी आर्थिक वर्षमा कला र संस्कृति संरक्षणमा बागमती प्रदेश सरकारले बजेटको व्यवस्थापन गर्ने प्रतिबद्धता गरे। कला र संस्कृतिलाई जोगाउन सकेमा राष्ट्रिय एकता र समृद्धि बलियो हुने सिन्धुलीका प्रमुख जिल्ला अधिकारी लीलाप्रसाद शर्माको धारणा छ। नेपाली मौलिक कला, संस्कृति र पहिचानलाई बचाइराख्ने अभियानमा जुटेको सिन्धुली कलाघर अब सरकारको साथ र समर्थनमा अघि बढ्नेमा सङ्घीय सांसद सुशीला थिङ ढुक्क छन।रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# महिलाको आर्थिक पहुँचमा वृद्धि गर्नुपर्छः हसिना खान



**काठमाडौँ,**
महिलाका विषयमा संविधानमा केही अधिकार सुनिश्चित गरिएको छ । तर धेरै अधिकार सुनिश्चित गर्नुपर्ने छ । संसद्मा महिलाको ३३ प्रतिशत सुनिश्चित गरिएको छ । तर त्यही कुरा सरकार बनाउने सवालमा लागू भएको छैन । अब सरकारमा महिलाको जनसङ्ख्याका आधारमा ५० प्रतिशत सहभागिता हुने सवाल संविधानमै व्यवस्था गर्नुपर्ने छ । त्यसका लागि राजनीतिक पार्टीको पनि भूमिका हुन्छ । महिला अब आफ्नो अधिकारका निम्ति आफैँ लड्नुपर्छ । तर पहिलेको तुलनामा महिलाका विषयमा सुधार हुँदै गएको छ ।

मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र आएपछि पहिलोपटक महिला देशको राष्ट्रपति पनि बन्नुभएको छ । सभामुख पनि बन्नुभएको छ । प्रधानन्यायाधीश पनि बन्नुभएको छ । सरकारको मुख्यसचिव पनि बन्नुभएको छ । तर मन्त्रिपरिषद्मा महिलाको सङ्ख्या जहिल्यै न्यून हुन्छ । २५ सदस्यीय सङ्घीय सरकार गठन हुँदा एक–दुई जनामात्र मन्त्री बन्ने कुरा न्यायोचित छैन । देशमा अहिले पनि पुरुषभन्दा महिलाको संख्या धेरै छ । तर सहभागिता न्यून छ । चुनावमा पनि राजनीतिक पार्टीले सक्षम महिलाका लागि टिकटको व्यवस्था गर्नुपर्छ । महिलाले चुनाव जित्न सक्दैनन् भनेर पार्टीले रोक्नु हुँदैन । पार्टीले टिकट दिएपछि महिलाले चुनाव जितेका धेरै उदाहरण छन् ।

यो देशमा सबैभन्दा पहिला महिलालाई आर्थिक रूपमा बलियो बनाउनुपर्छ । जबसम्म महिलाहरूको आर्थिक रूपमा पहुँच हुँदैन, तबसम्म देश समृद्ध बन्छ जस्तो मलाई लाग्दैन । रोजगारीका सवालमा राज्यले पनि महिलालाई पहिलो प्राथमिकता दिनुपर्छ । उद्यमशील बन्न चाहने महिलाका लागि सरकारले लगानी गर्नुपर्छ । सरकारले महिलाका लागि सानो वा ठूलो जस्तोसुकै काम भए पनि दिनुपर्छ । सम्पत्तिमा पूर्ण हक हुनुपर्छ । अनि मात्र महिला–पुरुष बराबरीको बाटोमा अगाडि बढ्न सक्छन् । अधिकारका निम्ति महिला आफैँ सक्रिय बन्नुपर्छ । अर्को कुरा यदि कुनै पनि बच्चाको बाबु छैन भने उसले आमाको नामबाट नागरिकता बनाउन पाउनुपर्छ ।

नागरिकता नभएपछि ऊ देशको नागरिक बन्न पाउँदैन । त्यसैले आमाको नामबाट नागरिकता दिने सवालमा सबै गम्भीर भएर लाग्नुपर्छ । यदि आमाको नागरिकता छभने बच्चाको नागरिकता सहज रूपमा बन्नुपर्छ । बाँके जिल्लाका महिलाको यो समस्या धेरै नै छ । महिलामाथि हुने हिंसा रोक्न सरकारले कडाभन्दा कडा कानुन बनाएर व्यावहारिक रूपमै कार्यान्वयन गर्नुपर्छ । अहिले पनि नेपाली छोरीहरू असुरक्षित छन् । किशोरीमाथि बलात्कारका घटना भइरहेको छ । बलात्कारपछि हत्या गरेर मारिएको छ । मुख्य कुरा किशोरीहरू जहाँ, जतिबेला पनि सुरक्षित हुनुपर्छ । महिलामाथि हुने घरेलु हिंसाका घटना पनि छन् । घरेलु हिंसा गर्ने जोकोहीलाई कानुनबमोजिम कडा कारबाही हुनुपर्छ । महिलामाथि हुने सबै प्रकारका हिंसा अन्त्य गर्न सबैभन्दा पहिला महिला माफैँ सक्रिय हुनुपर्छ । कुनै पनि किशोरी वा महिलाले आफ्नो सुरक्षा आफैँ गर्न सक्ने बन्नुपर्छ । महिलाले कुनै पनि हिंसा खपेर बस्नु हुँदैन । यदि हिंसा भएको छभने प्रहरीमा उजुरी गर्न सक्नुपर्छ । तर बाँकेका महिलामा घरेलु वा अन्य प्रकारका हिंसा भइरहेको छ । तर उनीहरु त्यो हिंसालाई लिएर बाहिर आउन चाहँदैनन् । आफूमाथि भएको विभेद वा हिंसाका बारेमा खुलेर कुरा गर्न सक्नुपर्छ महिलाहरूले । आफूमाथि हिंसा भएको छभने लाज वा डर मानेर बस्नु हुँदैन ।

म प्रतिनिधिसभाको सांसद भएको एक वर्ष भयो । सांसद भएलगत्तै म स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री हुँदै गर्दा स्वास्थ्यको क्षेत्रमा आफूले सकेको काम गरेको थिएँ । पैतालीस दिनमात्र राज्यमन्त्री भएको समयमा पनि जनतासँग जोडिएका स्वास्थ्यका समस्यालाई सकेसम्म सम्बोधन गर्ने कोसिस गरेकी थिएँ । बाँकेका मुख्य समस्या भनेको बाटोघाटोको हो । खानेपानी, शिक्षा, स्वास्थ्य र रोजगारीको पनि उत्तिकै समस्या छ । यहाँ अधिकांश युवा बेरोजगार हुनुपरेको छ । युवाहरूको काम छैन, चोकचोकमा गफ गरेर समय बिताइरहेका छन् । युवालाई रोजगारी दिनेगरी कुनै सरकारले ठोस योजना बनाउनसकेका छैनन् । रोजगार नभएपछि युवा कुलतमा लागेका छन् । धेरै पढेलेखेका मानिस बेरोजगार बस्नुपरेको छ । बाँके पर्यटकका लागि पनि सम्भावना भएको जिल्ला हो । तर त्यसको राम्रो व्यवस्थापन हुनसकेको छैन ।

'बाँके राष्ट्रिय निकुञ्ज'मा घुम्नका लागि देश–विदेशबाट पर्यटक आउँछन् । एक आर्थिक वर्षमा आन्तरिक र बाह्य पर्यटक गरी कम्तीमा हजारभन्दा बढी पर्यटक आउने गर्छन् । निकुञ्जमा आउने पर्यटकको सङ्ख्या पनि बर्सेनि बढ्दै गएको छ । तर सम्बन्धित निकायले त्यसलाई अझै व्यवस्थित गर्न सकेको छैन । त्यसको व्यवस्थापन र संरक्षणमा अझै बढी ध्यान दिने होभने पर्यटकको सङ्ख्या अझै बढेर जाने देखिन्छ । निकुञ्जभित्रका प्राकृतिक सम्पदा र वन्यजन्तुको संरक्षणमा सरकारको ध्यान जानसकेको छैन । संविधान केही हदसम्म कार्यान्वयन भएको छ । तर धेरै कुरा कार्यान्वयन हुनसकेको छैन । तर अब सबै मिलेर कार्यान्वयन गर्नुपर्छ । अहिलेको सङ्घीयतालाई सुधार गर्नुपर्ने छ । यो सङ्घीयता अलि बढी खर्चिलो भयो कि भन्ने कुरा पनि आइरहेको छ ।रासस

# स्वास्थ्य पूर्वाधार विकासमा समुदायको सहभागिता अपरिहार्य छः अध्यक्ष दाहाल



**काठमाडौँ**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले स्थानीयस्तरमा स्वास्थ्य पूर्वाधार विकासका लागि समुदायको सहभागिता अपरिहार्य भएको बताएका छन ।पार्टीको हुलाकी लोकमार्ग केन्द्रित अभियानअन्तर्गत नवलपुरको देवचुली नगरपालिका–१६ रजहरस्थित सामुदायिक प्राकृतिक चिकित्सालयमा मंगलवार आयोजित छलफलमा उनले चिकित्सालयलाई प्राकृतिक चिकित्सा शिक्षण अस्पताल तथा विश्वविद्यालयका रूपमा विकास गर्न आफ्नो पार्टीले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

यसअघि चिकित्सालयलाई सङ्घीय सरकारबाट रु १३ करोड बजेट विनियोजन भएको जनाउँदै पूर्वप्रधानमन्त्री दाहालले प्रदेश सरकारले पनि प्राकृतिक उपचारसम्बन्धी स्वास्थ्य पूर्वाधारमा लगानी गर्नुपर्नेमा जोड दिनुभएको उनको निजी सचिवालयले जनाएको छ । स्थानीय तहमा चिकित्सालयले प्रमुख स्वास्थ्य संस्थाका रूपमा परिचय बनाएकामा उहाँले खुसी व्यक्त गर्नुभयो । छलफलअघि अध्यक्ष दाहाललगायत अभियान टोलीले उक्त चिकित्सालयको अवलोकन र नववर्षको शुभकामना आदानप्रदान गरेको थियो । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को 'जनतासँग माओवादी हुलाकीमार्ग केन्द्रित तराई–मधेस जागरण अभियान' नवलपुरको गैँडाकोटबाट सुरु भएको छ । झापाबाट सुरु भएको अभियान गत चैत ८ मा चितवन पुगेर स्थगित गरिएको थियो ।

अभियानका लागि सोमबार साँझ नै माओवादी केन्द्रका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सहितको टोली गैँडाकोट आइपुगेको थियो । नयाँ वर्षको अवसर पारेर नवलपुरबाट पुनः अभियान सुरु गरिएको अध्यक्ष दाहालले बताएका थिए । गैँडाकोटबाट अभियान पुनः सुरु गर्न पाउँदा खुसी लागेको अध्यक्ष दाहालको भनाइ थियो ।

अध्यक्ष दाहालसहितको टोलीले मंगलवार बिहान गैँडाकोट–४ को गैँडाकोट पम्पिङ स्किम खानेपानीबाट अभियानको सुरुआत गरेको छ । उक्त टोलीले यहाँ करिब पाँच किलोमिटर 'मर्निङ वाक' गरेको माओवादी केन्द्र गैँडाकोट नगर समितिका अध्यक्ष प्रकाश अधिकारीले जानकारी दिए । अभियानका क्रममा अध्यक्ष दाहालले गैँडाकोट–८ स्थित लखन चोकमा रहेको नेपालका प्रथम सहिद लखन थापाको सालिकमा माल्यार्पण गर्नुभएको थियो ।

अभियानका क्रममा अध्यक्ष दाहालले नगरपालिकाभित्र रहेका पार्टी निकट सहिद परिवार, शुभेच्छुकलगायतका व्यक्तिहरुसँग समेत भेटघाट र कुराकानी गरेका थिए । माओवादी केन्द्रका उपाध्यक्ष नन्दकिशोर पुन पनि अभियानमा सहभागी छन ।

जनतासँग माओवादी हुलाकी मार्ग केन्द्रित तराई–मधेस जागरण अभियान कञ्चनपुर पुगेर समापन गर्ने तयारी गरिएको छ ।रासस

# जनताका समस्या समाधानतर्फ लाग्नुपर्नेमा महामन्त्री थापाको जोड

काठमाडौँ
नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नेताको नेतृत्वशैलीले व्यवस्था बदलिए पनि अवस्था बदलिन नसकेको बताएका छन ।

बौद्धिक पेशाकर्मी परिषद्ले मंगलवार आयोजना गरेको नयाँ वर्ष २०८२ को अवसरमा शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले नेतृत्वशैली बदल्नुपर्ने बताएका हुन ।

"अहिले नागरिकले नेतृत्वसँग शुद्धता र योग्यता दुवै खोजेका छन्, योग्यता र शुद्धता भएको नेतृत्वले अहिलेको समस्या समाधान गर्न सक्छ," महामन्त्री थापाले भने । सरकारले सेवा प्रवाह गर्न सक्नुपर्ने उल्लेख गर्दै उनले शिक्षक र सहकारी पीडितका समस्या समाधानमा जोड दिए ।



सांसद सूर्य थापाको नेतृत्वमा गठित संसदीय समितिले सहकारी छानबिनसम्बन्धी प्रतिवेदन दिएको लामो समयसम्म पनि पाँच लाख रुपैया भन्दा कम बचत गरेका सहकारी पीडितले बचत फिर्ता पाउन नसकेको बताउँदै उनले सेवाप्रवाह छिटो र चुस्त बनाउन पार्टीले सरकार एवं मन्त्रीहरुलाई अनुरोध गरिरहेको जानकारी दिए । "सरकारलाई सही निर्णय गर्नुस्, रक्षा गर्छौं, गलत निर्णय गरे प्रतिरक्षा गर्न सक्दैनौँ भनेका छौँ, गभर्नर बिचौलियाले बनाउने होइन, प्रक्रियाबाटै बन्नुपर्छ, भन्ने धारणा राखेका छौँ," उनले भने ।

परिषद्का अध्यक्ष धुरवराज थापाले आर्थिक, सामाजिक र राजनीतिक हिसाबले देश अप्ठ्यारो अवस्थामा रहेको उल्लेख गर्दै यस्तो अवस्थाको सुदृढीकरणमा नेतृत्वको ध्यान जानुपर्नेमा जोड दिए ।

कार्यक्रममा कोशी प्रदेश, अर्थ समितिका विज्ञ ध्रुव घिमिरे, गैर आवासीय नेपाली सङ्घका राजेन्द्रकुमार राउत, खुला विश्वविद्यालयका डा चिरञ्जीवी भट्टराईलगायतले सरकारले सेवाप्रवाह समयमा गर्न नसक्दा सेवाग्राही प्रभावित भएर असन्तुष्टि बढेकामा सत्तारुढ दलका नेताको ध्यान जानुपर्ने बताएका थिए ।रासस

# संरक्षण क्षेत्रमा पर्यापर्यटन प्रवर्द्धन आवश्यक छः वनमन्त्री शाही

**काठमाडौँ**
वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले मुलुकभरका संरक्षण क्षेत्रमा पर्यापर्यटन प्रवद्र्धन गरी जनताको जीविकोपार्जनसँग जोड्नुपर्ने बताएका छन ।

वन्यजन्तु संरक्षण तथा राष्ट्रिय निकुञ्ज विभागले मंगलवार आयोजना गरेको ३०औँ वन्यजन्तु सप्ताह कार्यक्रममा उहाँले संरक्षण क्षेत्रले अब आफैँ राजस्व सङ्कलन गरी आयआर्जन वृद्धि गर्नुपर्नेमा जोड दिए ।

मन्त्री शाहीले भने, "पछिल्लो समय वन्यजन्तुको वृद्धिसँगै मानव–वन्यजन्तु द्वन्द्व र व्यवस्थापनको चुनौती बढेको छ । यसलाई व्यवस्थापन गरी न्यूनीकरण गर्न वन मन्त्रालयसँगै अन्य निकाय र सरोकारवाला सबैको सहयोगको अपेक्षा गर्दछौँ ।"

कार्यक्रममा वन मन्त्रालयका सचिव डा दीपककुमार खरालले विभागले संरक्षणको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरेको उल्लेख गर्दै अब मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा काम गर्नुपर्ने बताए । साथै उनले स्थानीय समुदायमा संरक्षणप्रति अपनत्वका साथ बुझाइमा एकरुपता ल्याउनुपर्ने सुझाए ।

विभागका महानिर्देशक डा रामचन्द्र कँडेलले वन्यजन्तुको सङ्ख्या वृद्धिसँगै प्राप्त उपलब्धिलाई जोगाउन चुनौतीको सामना गर्नका लागि सबै लाग्नुपर्नेमा जोड दिए । साथै उनले सप्ताह कार्यक्रमले संरक्षणका लागि जनचेतना फैलाउन ठूलो योगदान पुग्ने उल्लेख गरे ।

कार्यक्रममा विभागका उपमहानिर्देशक वेदकुमार ढकाल, विभागका वरिष्ठ इकोलोजिस्ट हरिभद्र आचार्य, वन प्राविधिक सङ्घका अध्यक्ष डा राकेश कर्ण, राष्ट्रिय प्रकृति संरक्षण कोषका निर्देशक डा चिरिञ्जीवीप्रसाद पोखरेल, वन तथा भू–संरक्षण विभागका उपमहानिर्देशक अजितकुमार कर्ण, जियोलोजिकल सोसाइटी अफ लण्डन (जेडएसएल) नेपालका डा दिनेश न्यौपानेलगायतले मानव–वन्यजन्तु द्वन्द्व संरक्षणका लागि चुनौती बनेको उल्लेख गर्दै समाधानमा सबै लाग्नुपर्नेमा जोड दिए ।रासस

# अस्थायी, करार कर्मचारी अब सामाजिक सुरक्षा योजनामा

काठमाडौँ,
सरकारी निकायका कार्यरत अस्थायी, करार कर्मचारी अब सामाजिक सुरक्षा योजनामा सहभागी हुन पाउने भएका छन् ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका निमित्त सचिव डण्डुराज घिमिरेका अनुसार नयाँ वर्ष, २०८२ को पहिलो दिन राजपत्रमा सोसम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

सरकारी कोष, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, निगम, बोर्ड, प्राधिकरण, प्रतिष्ठानमा कार्यरतले सो योजनामा सहभागी हुन पाउने उनले जानकारी दिए ।

सामाजिक सुरक्षा कोषमा योगदानकर्ताका रुपमा सूचीकृत गरी त्यस्ता निकायमा कार्यरत कर्मचारीले खाइपाई आएको तलबको कम्तीमा ६० प्रतिशतलाई आधारभूत तलब मानेर सो योजनामा सहभागी हुन पाउने प्रबन्ध गरिएको छ । त्यसमा २० प्रतिशत रोजगारदाताले र ११ प्रतिशत योगदानकर्ताले जम्मा गर्नुपर्नेछ । सामाजिक सुरक्षा ऐन, २०७४ र सामाजिक सुरक्षा नियमावली, २०७५ बमोजिम उक्त निर्णय भएको राजपत्रमा प्रकाशित सूचनामा उल्लेख छ ।

गत चैत १५ गते सो निर्णय भएको भए पनि नयाँ वर्षको पहिलो दिन राजपत्रमा सूचना प्रकाशित भएसँगै कार्यान्वयनमा गएको छ । यसबाट सरकारी निकायका कार्यरत अस्थायी, ज्यालादारी कर्मचारीले राहत पाउनेछन् । रासस

# 'शिक्षकका मागप्रति सरकार गम्भीर छ'

**काठमाडौँ**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले शिक्षकका मागप्रति सरकार गम्भीर रहेको बताएका छन । नेपाल शिक्षक महासङ्घ सङ्खुवासभाको टोलीसँग मंगलवार मन्त्रालयमा भएको भेटमा उनले शिक्षकका मागका सम्बन्धमा सरकारले सरोकारवालासँग छलफल गरी सम्बोधन गर्ने बताए ।

"शिक्षा क्षेत्रको सुधारका लागि शिक्षकहरुको पनि सुझाव र सल्लाह आवश्यक छ, शिक्षामन्त्री तथा मन्त्रिपरिषद्समक्ष यो विषयमा छलफल गर्नेछु", उनले भने ।

उनले अहिले विभिन्न ऐन निर्माणका लागि छलफलकै क्रममा रहेको उल्लेख गर्दै सरकार समयसापेक्ष ऐन निर्माणमा लागेको बताए ।

नेपाल शिक्षक महासङ्घ संखुवासभाका अध्यक्ष शेरबहादुर पुरीले शिक्षकका २४बुँदे मागका सम्बन्धमा पहलका लागि आग्रह गरे । नेपाल शिक्षक सङ्घ सङ्खुवासभाका सङ्घीय प्रतिनिधि दिव्यराज अधिकारीले यो शिक्षकको मात्रै आन्दोलनमात्र नभई शैक्षिक आन्दोलन भएको बताए ।

शिक्षकहरुले विद्यालयमा कर्मचारी दरबन्दी कायम गर्नुपर्ने, बालविकास कक्षा विद्यालय शिक्षाअन्तर्गत ल्याउनुपर्ने, शिक्षक बढुवा नियमित हुनुपर्ने, आन्तरिक प्रतिस्पर्धा गर्न पाउनुपर्ने, शिक्षक ग्रेड बढाउनुपर्ने, सेवा प्रवेशको समय ४० वर्ष कायम हुनुपर्नेलगायतका माग राखेका छन् ।

# निर्माणाधीन कुस्ती प्रशिक्षण कक्षमा बजेट अभाव

**कञ्चनपुर**
महेन्द्रनगरस्थित कभर्डहल परिसरमा निर्माणाधीन कुस्ती प्रशिक्षण कक्षमा बजेट अभाव भएको छ । प्रशिक्षण कक्ष नहुँदा खेलाडीहरुलाई नियमित अभ्यासमा समस्या हुने गरेको छ भने अन्य खेलको प्रशिक्षण कक्षमा आश्रय लिनु परेको कुस्ती प्रशिक्षक राजेन्द्रबहादुर चन्दले बताए ।
"कुस्तीका खेलाडीहरुले अन्य खेलको प्रशिक्षण केन्द्रमा आश्रय लिनुपरेको छ", प्रशिक्षक चन्दले भने, "अहिले बिहान र साँझ समय मिलाएर प्रशिक्षण गरिरहेका छौँ ।" तेक्वान्दोमा सबैभन्दा बढी पदक ल्याउनेमा कञ्चनपुरकै खेलाडी छन् तर उनीहरुका लागि प्रशिक्षण केन्द्र निर्माण भने हुन नसकेको उनको भनाइ छ ।
कुस्ती प्रशिक्षण केन्द्र निर्माणका लागि गत आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेश सरकारबाट १० लाख रुपैयाँ बजेट आए पनि तीन लाख रुपैयाँ 'फ्रिज' भएको जिल्ला खेलकुद विकास समितिले जनाएको छ । साथै चालु आवमा भने बजेट विनियोजन नै नभएको उनको भनाइ छ ।
जिल्ला खेलकुद विकास समिति कञ्चनपुरका कार्यालय प्रमुख गोपालदत्त भट्टले बजेट नहुँदा कुस्तीका लागि प्रशिक्षण कक्ष निर्माण हुन नसकेको बताए । भट्टले भने, "प्रशिक्षण कक्ष नहुँदा खेलाडीहरुले अभ्यासमा समस्या झेल्नु परेको छ ।" उनले आगामी आवको बजेटमा यसका लागि बजेट विनियोजनको प्रयास भइरहेको बताए ।
जिल्ला खेलकुद विकास समितिका सदस्य विकास महता खेलाडी उत्पादनका लागि सोही अनुसारको पूर्वाधार जरुरी भएको बताए । "कञ्चनपुरमा क्रिकेट, कुस्ती र फुटबललगायतका खेलमा राम्रा खेलाडी उत्पादन भइरहेका छन्, पूर्वाधार निर्माण जरुरी भइसकेको छ ।"रासस

# विमानस्थलबाट गाँजासहित एक पक्राउ

**काठमाडौँ**
नेपाल प्रहरीले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट छ किलो ९७० ग्राम गाँजासहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा २७ वर्षीय भारतीय नागरिक भिसाक भिजयन रहेको विमानस्थलका सुरक्षा प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सोमेन्द्रसिंह राठौँरले जानकारी दिए ।
उनले भने, "थाई एयरको उडानमार्फत बैङ्कक हुँदै गएराति नेपाल आएका उनको लगेज जाँचका क्रममा उक्त परिणामको गाँजा फेलापरेपछि पक्राउ गरिएको हो ।" भिजयनलाई थप अनुसन्धानका लागि लागुअषौध ब्यूरो कोटेश्वर पठाइएको छ ।रासस

# गैँडाको शून्य चोरीसिकार पाँच सय दिन कट्यो

**चितवन**
दुर्लभ एकसिङ्गे गैँडाको चोरीसिकार विगत पाँच सय १६ दिनदेखि रोकिएको छ । चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा प्राकृतिक कारणले गैँडा मरे पनि चोरीसिकारी हुन नपाएको हो ।
निकुञ्जका सूचना अधिकारी अविनास थापामगरका अनुसार २०८० साल कात्तिक ३० गते निकुञ्जकै पूर्वी सेक्टरअन्तर्गत चपरचुली क्षेत्रमा खाल्डोमा पारेर तस्करले दुईवटा गैँडा मारेका थिए । त्यसको नौ दिनमा नौ जना अभियुक्तलाई निकुञ्जले पक्राउ गरी सार्वजनिक गरेको थियो । यसयता सुरक्षा रणनीतिमा थप परिवर्तन गरी काम गरिरहेकाले चोरीसिकार हुन नपाएको उनले बताए । चालु आर्थिक वर्षको हालसम्म २४ गैँडा मृत भेटिएका छन् । यी सबै प्राकृतिक कारणले मरेका हुन् ।
सूचना अधिकारी थापामगरका अनुसार बाघ तथा गोहीको आक्रमणमा परेर, एकापसमा जुधेर, बिरामी भएर, दलदलमा फसेर, बूढो भएर, भाले गैँडाले थिचेर ती गैँडा मरेका हुन् । निकुञ्ज आसपास बसोबास गर्ने जनता सचेत हुँदा चोरीसिकारीले गैँडा मार्न नपाएका हुन् ।
गत आर्थिक वर्षमा गैँडा २१ वटा मरेका थिए । मरेका गैँडामध्ये १८ वटा प्राकृतिक कारणले होभने दुईवटा चोरीसिकारीले र एउटाको कारण खुल्न नसकेको उनले बताए ।
मगरका अनुसार आर्थिक वर्ष २०७९/८० मा चितवन राष्ट्रिय निकुञ्जमा २२ वटा गैँडा मरेका थिए । जसमध्ये २० वटा कालगतिले, एउटा विद्युतीय करेन्टबाट र एउटा चोरी सिकारीले मारेका थिए ।
विगतमा एक हजार ७१ दिनसम्म चोरीसिकार शून्य भएपछि उत्सवका रूपमा मनाइएको थियो । यसपछिका वर्षहरूमा चोरीसिकार शून्य गर्ने तर यसलाई उत्सवका रूपमा नमनाउने नीतिअनुरुप काम गरिएको थियो ।
सन् २०२१ को गणनाअनुसार नेपालमा गैँडाको सङ्ख्या ७५२ पुगेको छ । एकसिङ्गे गैँडाको सङ्ख्या सबैभन्दा बढी चितवन राष्ट्रिय निकुञ्जमा ६९४ रहेको छ ।
बर्दियामा ३८, शुक्लाफाँटामा १८ र पर्सामा तीन गैँडा रहेको तथ्याङ्क छ । यस वर्ष गैँडा गणना गर्ने कार्यक्रम रहे पनि अन्तिम समयमा बजेट व्यवस्थापनमा समस्या भएपछि स्थगन गर्नुपरेको थियो । गणना गर्न नसके पनि अनुगमनलाई तीव्रता दिइएको छ ।रासस

# ढोरपाटन–गुर्जा पदमार्गमा काठे पुल निर्माण

**म्याग्दी**
ढोरपाटन सिकार आरक्षको गुर्जाघाट र म्याग्दीको धवलागिरि गाउँपालिका–१ गुर्जा जोड्ने पदमार्गमा पर्ने हुचिनखोलामा काठको पुल निर्माण भएको छ ।
धवलागिरि गाउँपालिकाको पाँच लाख रुपैयाँ अनुदान र उपभोक्ताको ६० हजार रुपैयाँ बराबरको श्रमदानमा ३२ मिटर लामो पुल र दुई सय मिटर पुलसम्म पुग्ने पदमार्ग निर्माण भएको हो । पुल निर्माणपछि गुर्जाका बासिन्दा र ढोरपाटन–गुर्जा पदमार्गमा यात्रा गर्ने पर्यटकलाई बर्खायाममा जोखिम मोलेर खोला तर्नुपर्ने समस्या हटेको धवलागिरि–१ गुर्जाका वडासदस्य गुनराम छन्त्यालले जानकारी दिए ।
"रुघाचौरबाट आउने र हुचिनखोलाको दोभानमा बर्खामा आकस्मिक रूपमा बाढी आउने गर्छ । पुल नहुँदा खोला तर्ने क्रममा बाढीले बगाउने जोखिम थियो", उनले भने, "गाउँमा भएको पुराना पुलको लठ्ठा झिकेर राखिएको थियो । सोही लठ्ठा तानेर काठको फल्याक बिछ्याएर स्थानीय प्रविधिबाट पुल बनाइएको हो ।"
हुचिनखोला हुँदै ढोरपाटन सिकार आरक्षको गुर्जाघाट जोड्ने पदमार्ग छ । पर्यटकका साथै स्थानीयवासीले पशुलाई गोठ लैजान, जङ्गलमा च्याउ, टुसा, जडीबुटी सङ्कलन गर्न जानका लागि हुचिनखोला तर्नुपर्छ ।रासस

# सङ्घलाई जिडिपीको पाँच र प्रदेश तथा स्थानीय तहलाई राजस्वको १२ प्रतिशत नबढ्ने गरी ऋण उठाउन सिफारिस

**काठमाडौँ**
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्ष तीन तहका सरकारले उठाउन पाउने आन्तरिक ऋणको सीमा सिफारिस गरेको छ ।
आगामी आर्थिक वर्षका लागि आन्तरिक ऋण उठाउँदा सङ्घ सरकारले मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को पाँच प्रतिशत र प्रदेश तथा स्थानीय तहले आफ्नो आन्तरिक स्रोत तथा वित्तीय हस्तान्तरणबाट प्राप्तसमेत कुल राजस्वको १२ प्रतिशतभन्दा बढी नहुनेगरी ऋण उठाउन पाउने व्यवस्था भएको छ ।
"देशको समष्टिगत आर्थिक स्थिति, राजस्व तथा खर्चको अनुमान र बजार सहजताको विश्लेषण गरी सरकारले आर्थिक वर्ष २०८२÷८३ का लागि अनुमानित कुल गार्हस्थ्य उत्पादनको पाँच प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्नेछ", आयोगको सिफारिसमा भनिएको छ ।
आन्तरिक ऋण उठाएर पुँजी सिर्जना गर्ने क्षेत्रमा मात्र सरकारले लगानी गर्नुपर्ने सुझाव दिइएको छ । राष्ट्रिय नीति तथा योजनामा आधारित भई लागत–लाभ विश्लेषणबाट आन्तरिक प्रतिफल दर वा खुद वर्तमान मूल्य उपयुक्त भएका परियोजना, राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी आयोजना र मध्यकालीन खर्च संरचनाअन्तर्गतको पहिलो प्राथमिकता प्राप्त आयोजनाका लागि मात्र आन्तरिक ऋण उठाउन आयोगको सिफारिस छ ।
प्रदेश र स्थानीय तहहरुले भने तोकिएको कानूनी प्रक्रिया पूरा गरेर मात्रै ऋण उठाउन सक्नेछन् । यसअघि सङ्घ सरकारको अनुमतिविना प्रदेशहरुले घाटा बजेट ल्याएर आन्तरिक ऋणलाई स्रोतका रुपमा देखाउने गर्दथे । तर वित्त आयोगले प्रक्रिया पूरा गरेर मात्रै आन्तरिक ऋणलाई स्रोतका रुपमा देखाउन भनेको छ ।
"प्रदेश सरकारहरुले आन्तरिक ऋण परिचालनको संरचनागत र प्रक्रियागत प्रबन्ध पूरा भएको अवस्थामा आर्थिक वर्ष २०८२÷८३ मा सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र प्रदेश सरकारको आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको बाह्र प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्नेछन", सिफारिसमा भनिएको छ । प्रदेशहरुले पनि आन्तरिक ऋण उठाएको रकमलाई पुँजी सिर्जना गर्ने र गौरवका आयोजनामा लगानी गर्नुपर्ने छ ।
प्रदेश सरकार मात्र नभई स्थानीय तहहरुले पनि आन्तरिक ऋण उठाउन सक्ने व्यवस्था गरिएको छ । आगामी आर्थिक वर्षका लागि स्थानीय तहहरुले सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र उनीहरुको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको बाह्र प्रतिशत नबढ्ने ऋण उठाउन सक्नेछन् ।
'पुँजी सिर्जना गर्ने आयोजनामा मात्रै लगानी गर्नू' वित्त आयोगले पुँजी सिर्जना गर्ने र प्रतिफल दिने आयोजनामा लगानी गर्नका लागि मात्र ऋण लिन सरकारलाई सिफारिस गरेको छ । चालु खर्च धान्न ऋण उठाउन नहुने आयोगले जनाएको छ ।
"आन्तरिक ऋणको उपयोग रोजगारीका अवसर सिर्जना, दीर्घकालीन लाभ प्रदान गर्ने तथा पुँजी निर्माणमा योगदान गर्नसक्ने आयोजनाहरुका लागि विनियोजन गरिनुपर्दछ । चालु र प्रशासनिक खर्चमा कडाईका साथ निषेध गरिनुपर्छ ", आयोगको सिफारिसमो छ ।
आयोजनाहरुको पुँजीको लागत भन्दा आन्तरिक प्रतिफल दर अधिक भएका नाफामूलक आयोजनामा ऋण लगानी गर्नुपर्ने छ । ऋण लगानी गरी सञ्चालन हुने क्रमागत आयोजना वा नयाँ आयोजना पहिचान, विकास र छनोट गर्दा अन्य विषयका अतिरिक्त आयोजना वा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलबाट ऋण लगानीको साँवा र ब्याज भुक्तानी गर्न सकिने सुनिश्चिता हुनुपर्ने छ । आयोगको सिफारिसअनुसार उत्पादन वृद्धि, रोजगारी सिर्जना, आय वृद्धि, पूर्वाधार विकास र पुँजी निर्माण हुने पूर्वतयारी सम्पन्न भएका आयोजनामा आन्तरिक ऋण परिचालन गर्न सकिनेछ ।
यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ मा उल्लेख भएबमोजिम सरकारको स्वीकृति प्राप्त भएपछि मात्र प्रदेश र स्थानीय सरकारहरुले आन्तरिक ऋणलाई बजेटमा स्रोतको रुपमा उल्लेख गर्नुपर्ने सुझाव आयोगको छ ॥ तर प्रदेशहरुले भने आफुखुशी बजेट स्रोतका रुपमा आन्तरिक ऋण देखाउँदै आएका छन् ।
ऋण उठाउन सक्दैनन् प्रदेश, सङ्घ सरकारको स्वीकृतिविना बजेट स्रोत देखाउँदैः
नेपालको संविधान, २०७२ ले प्रदेश र स्थानीय तहलाई पनि आन्तरिक ऋण उठाउन सक्ने अधिकार दिएको छ भने बाह्य ऋण सङ्घ सरकारले मात्रै उठाउन पाउँछ । संविधानको धारा २५१ को व्यवस्थाबमोजिम तीनवटै तहका सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने जिम्मेवारी तथा दायित्व राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हो । आयोगले आर्थिक वर्ष २०७५÷७६ देखि प्रदेश र स्थानीय सरकारलाई उनीहरुले उठाउन सक्ने ऋणको सीमा सिफारिस गर्दै आएको छ ।
वित्त आयोगको सिफारिस हेर्दा आर्थिक वर्ष २०७५÷७६ मा सङ्घीय सरकारलाई अनुमानित कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को पाँच प्रतिशत र प्रदेश तथा स्थानीय तहलाई उनीहरुको आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १० प्रतिशतसम्म आन्तरिक ऋण उठाउन सक्ने सुझाव दिएको देखिन्छ । प्रदेश र स्थानीय सरकारले उठाउन सक्ने ऋणको सीमा आर्थिक वर्ष २०७७÷७८ पछि भने बढाएर १२ प्रतिशत पु¥याइयो । आगामी आर्थिक वर्षका लागि पनि वित्त आयोगले यहि सिफारिस गरेको छ । प्रदेश र स्थानीय सरकारले आफ्नो राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १२ प्रतिशतसम्म आन्तरिक ऋण उठाउन पाउने व्यवस्था छ ।
सङ्घीयता कार्यान्वयन भएसँगै प्रदेश र स्थानीय सरकारले आर्थिक अधिकार पनि पाएका छन् । आफ्नो क्षेत्राधिकारभित्र बसेर आर्थिक अधिकारसम्बन्धी कानुन बनाउने, नीति तथा योजना तयार पार्ने, वार्षिक बजेट तर्जुमा गर्ने तथा कार्यक्रम कार्यान्वयन गर्ने र त्यसको लेखाङ्कन एवं लेखापरीक्षणसम्मका अधिकार प्रदेश र स्थानीय सरकारलाई छ । उनीहरुले आफ्नो वार्षिक बजेट अनुमान गर्दा अनुमानित आयभन्दा व्यय बढी हुनेगरी घाटा बजेट पनि जारी गर्न सक्छन् ।
केही प्रदेश र स्थानीय सरकारले आफ्नो घाटा बजेट पूर्ति गर्नका लागि अर्थात् वार्षिक बजेटको स्रोतमा आन्तरिक ऋण लाई देखाउँदै आएका भएपनि उनीहरुले हालसम्म आन्तरिक ऋण सङ्कलन र परिचालन भने गरेको देखिँदैन । उदाहरणका लागि गण्डकी प्रदेशले आन्तरिक ऋण उठाउने भन्न थालेको सात वर्ष भयो । गण्डकी प्रदेशको आर्थिक वर्ष २०७६÷७७ यताका सबै बजेटको स्रोतमा आन्तरिक ऋणलाई पनि राखिएको छ । बागमती र सुदूरपश्चिम बाहेक अरु सबै प्रदेशका सरकारले कुनै न कुनै वर्षको बजेट स्रोतमा आन्तरिक ऋण देखाएका छन् । तर हालसम्म पनि कुनैपनि प्रदेशले आन्तरिक ऋण उठाएर उपयोग गर्न नसकेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ । रासस

# चलचित्र छायाङ्कनको 'हब' बन्दै मुस्ताङ

**मुस्ताङ**
पछिल्लो समय बेनी–जोमसोम–कोरला सडकमा आवतजावत गर्न सहज भएसँगै यहाँ चलचित्र छायाङ्कनको आकर्षक गन्तव्य बनेको छ ।
संघीय राजधानि काठमाडौँबाट एक दिनमै यहाँ आउन सकिनेहुँदा जिल्लाका विभिन्न स्थानमा चलचित्र छायाङ्कन गर्नेक्रम बढेको हो । साथै विभिन्न हलिउड, बलिउड र कलिउडका चलचित्र छायाङ्कन गर्नका लागि जनशक्ति, उपकरण र बन्दोबस्तीका सामान ढुवानी गर्न सहज भएसँगै मुस्ताङमा चलचित्र छायाङ्कन गर्नेहरु आकर्षित भएका हुन् ।



जिल्लाको पृथक भूगोलमा छायाङ्कन गर्न पछिल्लो समय चलचित्रकर्मी निकै लालायित हुने गरेको पाइएको छ । हिमाली शृङ्खला, प्राकृतिक भूगोल, जैविक तथा सांस्कृतिक विविधताका साथै यहाँको लोभलाग्दो कृषि र पशुपालन गर्ने संस्कृतिलाई चलचित्रको पर्दामा कैद गर्न पछिल्ला केही वर्षयता चलचित्रकर्मीको लर्को नै लाग्ने गरेको पाइएको छ ।
सडक नहुँदाको तत्कालीन अप्ठ्यारो परिस्थितिमा समेत मुस्ताङमा हिन्दी चलचित्र खुदा गवाह सुटिङ भएको थियो ।
भारतीय अभिनेता अमिता बच्चन त्यस समयको कठिन परिस्थितिका बेला पनि मुस्ताङ आएर सुटिङ सकाएका थिए । तर, त्यसबेलाको कठिन परिस्थिति अहिले पूरै फेरिएको छ । घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले एकैदिन मुस्ताङ आएर चलचित्र सुटिङ गर्न पाइने भएकाले पनि मुस्ताङमा चलचित्र छायाङ्कनका लागि आउनेको सङ्ख्या बढ्दै गइरहेको जानकारी दिए । जिल्लामा विभिन्न देशका चलचित्र, म्युजिक भिडियो र डकुमेन्ट्री फिल्म सुटिङ गर्न सहज हुनेगरी यहाँका स्थानीय तहले सीमित राजस्व सङ्कलन गर्ने गरेको उनको भनाइ छ । उनले यसप्रकारका चलचित्रको छायाङ्कनले यहाँको पर्यटन प्रवद्र्धनमा ठूलो टेवा पुगेको उल्लेख गरे ।
पछिल्ला पाँच वर्षयता दर्जनौँ नेपाल चलचित्र, म्युजिक भिडियो र डकुमेन्ट्री फिल्म यहाँ सुटिङ भइसकेका छन् । मुस्ताङको कालीगण्डकी बगर, सदियौँ वर्ष पुराना गुम्बा, माने, छोर्तेन, गुफा, तालतलैयाका साथै फरक–फरक प्राकृतिक सौन्दर्यताकै कारण जिल्ल चलचित्र सुटिङको हब बन्दै गएको हो ।
जिल्लामा हिन्दी चलचित्र खुदा गवाह करिब ४० को दशकमा सुटिङ भएको हो । पछिल्लो पाँच वर्षयता मुस्ताङमा चिनो, प्रेमगीत, सम्हालिन्छ कहिले मन, कबड्डी, जेरी, ब्याज नम्बर सिक्टिन, भकुन्डो, छिरिङलगायत दर्जनौँ चलचित्र सुटिङ भएका थिए । यहाँ सुटिङले यहाँको पर्यटन क्षेत्रमा महत्त्वपूर्ण योगदान पुगेको नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ फोनिजका सचिव नीरज थकालीले बताए । उनले चलचित्रका माध्यमबाट यहाँका कला, संस्कृति, मौलिकता र सम्पदालाई उजागार गर्न ठूलो सहयोग पुगेको जनाए ।
त्यसैगरी, जिल्लामा चलचित्र सुटिङका लागि आउनुभएका नेपाल चलचित्र प्राविधिक सङ्घका उपाध्यक्ष अर्जुनप्रसाद पोखरेलले यहाँ चलचित्र छायाङ्कन गर्ने उपयुक्त र सहज गन्तव्य भएको दाबी गरे । जिल्ला नेपालकै स्वर्गरुपी जिल्ला भएको उल्लेख गर्दै उनले यस्तो स्थानमा सरकारले चलचित्र स्टुडियो स्थापना गर्न सकेमा यस क्षेत्रको मात्र नभई सिङ्गो गण्डकी प्रदेशको आर्थिक समृद्धिमा सहयोग पुर्याउने बताए । यसका लागि तीन तहको सरकारले पहल गर्न आवश्यक उनको भनाइ छ ।
निलगिरि र धवलागिरिलगायत यहाँ साना दर्जनौँ हिमाल अवस्थित छन्, सबै हिमालमा क्षणभरमै पुग्न सकिने, होटल र यातायात पहिलेको तुलनामा निकै सहज हुँदै जान थालेको छ, यसैले पनि ९० प्रतिशत चलचित्रकर्मीले यही ठाउँमा आएर सुटिङ गर्न थाल्ने छन् । यहाँ चलचित्र सुटिङ गर्न पाउँदा स्थानीय पालिका र समुदायबाट ठूलो सहयोग प्राप्त भएको उपाध्यक्ष पोखरेलले जनाए । मुस्ताङमा यहाँका ताल, गुम्बा, लेक, खर्क, हिमाल, जैविक विविधता र संस्कृति महत्त्वपूर्ण विशेषता रहेको बताए ।
मुस्ताङको तल्लो क्षेत्र थासाङमा सेकुङ ताल, भुतर्छो ताल र टिटी ताल अवस्थित छन् । कालीगण्डकी नदीको सुन्दर तटीय बस्ती र अनि खर्कमा चर्दै गरेका याक चौँरीका बथानले झनै चलचित्रलाई सुसज्तित पारिदिन्छ । घरपझोङ गाउँपालिकामा पर्यटकीय सांस्कृतिक गाउँ मार्फा, ठिनी, स्याङ र जोमसोममा प्राचीन संस्कृति अवलोकन गर्न पाइन्छ । यस पालिकामा ढुम्बाताल र क्षमाताल अवस्थित छ । वारागुङ मुक्ति क्षेत्रमा मुक्तिनाथ मन्दिर, कागबेनी, झोङ, तेताङ, छुसाङ, मुस्ताङ गेटलगायत स्थानमा चलचित्र छायाङ्कन गर्ने गरिएको छ । लोमान्थाङमा मुस्ताङी राजाको सात सय वर्ष पुरानो दरबार, गुफा, गुम्बा, माने र छोर्तेनहरु अवलोकन गर्न सकिन्छ । लोघेकर दामोदरकुण्ड गाउँपालिकामा पनि गुरु पद्यसम्भवले निर्माण गरेको लोघेकर गुम्बा, चराङ गुम्बा, ढाक्मर रेड पहाडलगायत यहाँका संस्कृति झल्काउने मौलिक परम्परागत बस्ती रहेको छ ।रासस

# मिथिलाञ्चल सहित तराई मधेशमा ‘जुडशीतल’ पर्व मनाइयो

**मधेशदृष्टि**
**जनकपुरधाम**
मिथिलाञ्चलसहित तराई मधेशका जिल्लाहरूमा हर्षोल्लासपूर्वक प्राकृतिक संरक्षणको सन्देश प्रवाह गर्ने पर्व जुडशीतल मनाइएको छ । गाउँघर तथा शहरमा आफूभन्दा सानाको टाउकोमा चिसो जलसहित आजुरले थप्थपाएर आशिर्वाद दिने चलन छ । बाबुआमा, गुरु, मान्यजन एवं घरका जेष्ठ सदस्यले आफूभन्दा सानाको शिरमा जल थप्थपाएर आर्शिवाद दिँदै यो पर्व मनाइन्छ । वर्षभरि शीतलता मिलोस्, सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामनासहित ठूलावडाले घर तथा छरछिमेकका आफूभन्दा सानालाई टाउकोमा जप छोपेर आशिर्वाद दिने चलन छ ।

नयाँ वर्षले जीवनमा शितलता प्रदान गर्न सकोस् भन्ने पर्वको मुख्य सन्देश रहेको मिथिला संस्कृति र परम्पराका ज्ञाताहरुको भनाइ छ । यसै सन्देशको पृष्ठभूमिमा गर्मी मौसमको यस पर्वमा चनाको सातु, दाल, सोहिजनको तरकारी, बदामको पिठोबाट बनाइएको बरी र दही मथेर कढी पकाएर खाइने परम्परा छ ।

मिथिलामा घरका कूलदेवताको पूजाआराधना गरिने थोरै पर्वमध्ये जुडशीतल पर्दछ । यस पर्वमा पकाइने सबै खाद्य परिकार इष्टदेवता (कूलदेवता)लाई चढाउने परम्परा छ । बढ्दो गर्मीबीच मनाइने यो पर्वमा दहीको प्रयोगमा जोड दिइन्छ ।त्यसैगरी गुणकारी सोहिजन (मुन्गा)को तरकारी, चनाको पीठोको बेसनबाट ‘बरी’ पकाएर ‘कढीबरी’ (बरीलाई मथिएको दहीमा पकाएर बनाइने परिकार), काँचो केरा, लौका, परवलसहितका तरुवा पर्वका खास परिकार मानिन्छन् ।

प्रदेश सभा सदस्य एवं पर्यावरण अभियानी राम अशिष यादवले जल जंगल र माटोलाई सुरक्षा गर्न सन्देश यस पर्वले दिने गरेको बताए ।उनले पर्यावरण संरक्षण महत्वपुर्ण रहेको कारणले यसको संरक्षण गर्नुपर्ने सन्देश पर्वले दिने गरिएपछि विस्तारै यस पर्वको मौलिकता नै रहाउन थालेको बताए ।

नयाँ वर्षले जीवनमा शीतलता प्रदान गर्न सकोस् भन्ने पर्वको मुख्य सन्देशको पृष्ठभूमिमा गर्मी मौसमको यस पर्वमा सुपाच्य र शरीरलाई स्वस्थ्य राख्ने चना (बदाम)को सातु, दाल, सोहिजनको तरकारी, बदामको पीठोबाट बनाइएको बरी र दही मथेर कढी पकाएर खाइने परम्परा चलेको मैथिल लोकसंस्कृतिका ज्ञाता पूर्वप्रशासक तथा साहित्यकार जलेश्वरको बखरी बस्तीका बासिन्दा ८७ वर्षीय महेश्वर राय बताए ।

जुडशीतल पर्वमा आफ्ना खेतबारीका रुखबिरुवामा पानी सिञ्चित गरेर कहिल्यै पनि आवश्यक चिस्यानको कमी नहोस् भन्ने कामना गरिन्छ । धुलो र हिलो माटो छ्यापाछ्याप गर्दै कृषि कार्यमा सधैँ लागिरहन पाइयोस् भन्ने कामना पनि यस पर्वमा गरिन्छ । यस दिन एकअर्काको शरीरमा हिलो छ्याप्ने र माटोमा खेलेर रमाउने गरेका दृष्य जो कसैका लागि मनमोहक लाग्छन् । यसले मानवमा माटोको महत्वसमेत दर्शाउँछ । मानवको विकास पञ्चतत्वबाट भएको र अन्तिममा मानव पञ्चतत्वमै विलिन बन्ने सन्देशसमेत यस दिनले दिने गरेका कारण पर्व मनाउनेहरुले हिलोमाटो खेलेर आनन्द लिन्छन् ।

सहकालको प्रतीक मानिने यस पर्वमा वर्षभरि अनुकूल वर्षाको कामना गर्दै मैथिलहरूआज मध्याह्न साथीसङ्गीबीच धुलो माटो र हिलो छ्यापाछ्याप गर्ने तयारीमा छन् । जुडशीतल पर्वमा आफ्ना खेतबारीका रुखबिरुवामा पानी सिञ्चित गरेर कहिल्यै पनि आवश्यक चिस्यानको कमी नहोस् भन्ने कामना गरिन्छ ।

मिथिलामा सबै जाति समुदायले मनाउने यो पर्वको आपसी सद्भाव, हेलमेल र सहकार्य मुख्य सन्देश रहेको छ । खासमा नयाँ वर्ष प्रारम्भसँगै यो वर्षभरि खेतीपातीका लागि अनुकूल समय रहोस् भन्ने पर्वको मुख्य सन्देश स्थानिय विपिन ठाकुरले बताए । यस पर्वको मौलिकता हराउन थालेपछि केही वर्ष देखि गंगा महाआरति अभियानले जनकपुरधाममा सर्वसधारणहरुसंग माटोको टिका लगाएर यसको संरक्षणको लागि पहल गरिरहेको अभियानका अध्यक्ष एवं अधिवक्ता राजकुमार महासेठले जानकारी दिए ।

यसका साथै आजका दिन बोटबिरुवाका साथै खेतबारीमा पानी तथा मलजल हाल्ने चलन पनि रहेको छ । यसैगरी चौबाटोमा पानी छर्किने गरिन्छ । वैशाख महिना शुरु भएसँगै सूर्यको तापक्रम बढ्ने र यसले मानवको जनजीवन प्रभावित हुने भएकाले शीतलताको कामना गरिन्छ । यसका साथै बोटबिरुवामा पनि सिँचाइ गरेर बिरुवाको संरक्षण गर्नुपर्ने सन्देशका साथै मानव तथा प्रकृतिबीचको सम्बन्धलाई पर्वले दर्शाउने गरेको छ ।

# अम्बेडकरको १३४औं जयन्ती मनाइयो



**मधेशदृष्टि**
**राजविराज ।**
भारतका महान् संविधान निर्माता, समाज सुधारक तथा दलित अधिकारका योद्धा डा. भिमराव अम्बेडकरको १३४औं जन्मजयन्ती सिरहाको लहान नगरपालिका–१ स्थित ऐतिहासिक राजा सल्हेश फुलवारी मेलास्थलमा विविध कार्यक्रमका साथ मनाइएको छ ।

नयाँ वर्ष २०८२ को आरम्भसँगै मेलाको वातावरणमा थप उत्साह थप्दै यो कार्यक्रम कबीर अम्बेडकर फाउन्डेशन ट्रस्टको आयोजनामा सम्पन्न भएको हो ।

कार्यक्रमको अध्यक्षता ट्रस्टका अध्यक्ष नरेश पासवानले गरेका थिए भने पूर्वमन्त्री महेन्द्र पासवान, मधेशी आयोगकी सदस्य रेणु देवी साह, तराई मधेश महिला फाउन्डेशन नेपालकी केन्द्रीय अध्यक्ष सुनिता साह ‘क्रान्ति’, समाजसेवी सुनिता कलवार, सिकेन्दर पासवान र कबीर फाउन्डेशनका कोषाध्यक्ष ललित पासवानलगायत विशिष्ट व्यक्तिहरूको आतिथ्य रहेको थियो ।

कार्यक्रममा वक्ताहरूले राजा सल्हेशको सामाजिक न्याय, प्रेम र प्रतिरोधका प्रतीकस्वरूपको ऐतिहासिक योगदानको स्मरण गर्दै अम्बेडकरको जीवन दर्शनसँग जोडेर बहस गरेका थिए । उनीहरूले समावेशी समाज निर्माण र सामाजिक समानताको लागि अम्बेडकरले देखाएको बाटोलाई आज पनि अनुसरण गर्नुपर्नेमा जोड दिए ।

पूर्वमन्त्री महेन्द्र पासवानले भने, ‘डा. अम्बेडकरले आत्मसम्मान, शिक्षा र समानताको लागि लडे । आज पनि उनका विचारहरू हामीलाई प्रेरित गर्छन् । सल्हेश जस्ता लोकनायकहरू र अम्बेडकरबीचको विचारगत साम्यता बुझिनु जरुरी छ ।’

तराई मधेश महिला फाउन्डेशन नेपालकी अध्यक्ष सुनिता साह ‘क्रान्ति’ले राजा सल्हेश फुलवाडि क्षेत्रलाई पर्यटन गन्तव्यका रूपमा विकास गर्नुपर्ने बताउँदै भनिन्, ‘यो स्थल केवल धार्मिक आस्थाको केन्द्र मात्र नभई प्रेम र सामाजिक समरसताको गाथा बोकेको ऐतिहासिक धरोहर हो । यहाँ सरसफाइ, शौचालय, खानेपानी र अन्य पूर्वाधार व्यवस्थापनमा सरकारको ध्यान जानु आवश्यक छ ।’

कार्यक्रममा आयोजकले नयाँ वर्ष सामाजिक समता, सद्भाव र सचेतनाको वर्ष बन्ने विश्वास व्यक्त गरे । साथै, प्रत्येक वर्ष राजा सल्हेश फुलवारी मेला क्षेत्रलाई अम्बेडकर जयन्तीको केन्द्रस्थल बनाउँदै विचार विमर्शको थलो बनाइने योजना पनि सार्वजनिक गरिएको छ ।

# मधेश प्रिमियर लिग शुरु, छिन्नमस्ता विजयी



**मधेश दृष्टि**
**सप्तरी**
राजविराजमा मंगलवार देखि मधेश प्रिमियर लिग सुरु भएको छ । मधेस प्रदेशका मुख्यमन्त्री सशितकुमार सिंहले लिंगको उदघाटन गर्दै मधेस प्रदेशमा अहिले खेलकुद क्षेत्रको विकास हुन थालेको बताएका छन । उनले सरकार खेलकुद क्षेत्रको विकासको लागि गम्भीर रहेको बताए ।उनले भने यस किसिमको खेलकूदबाट मधेसको विकासमा बल पुग्ने छ,खेलाडिहरुको उत्पादन देखि उनिहरुको अभ्यासमा समेत यस किसिमको प्रतियोगिताबाट बल पुग्ने छन । उद्घाटन खेलमा छिन्नमस्ताले कोशी दुहबीलाई ५६ रनले पराजित गर्दै विजयी भएको छ ।

छिन्नमस्ता रूपनी मधेश राइडर्स र कोशी दुहबी क्यापिटलबिच भएको खेलमा छिन्मस्ता रूपनी मधेश राइडर्सले दिएको एक सय ५६ रनको लक्ष्य कोशी दुहबीले सबै विकेट गुमाएर ९८ रन बनाएपछि छिन्मस्ता ५६ रनले विजयी भएको हो ।

टस जितेर दुहबीले छिन्नमस्ता लाई ब्याटिङ गरेको छिन्मस्ताले १८ ओभरमा ६ विकेट गुमाएर एक सय ५४ रनको योगफल बनाएको थियो । जसमध्ये शङ्कर राणाले सर्वाधिक ६५ रन बनाउनुभएको थियो । सन्तोष कार्कीले ३१ रन र रोहन विकले २२ रन जोडेको थिए । बलिङतर्फ कोशी दुहबीका कृष्ण कार्की र आकाश त्रिपाठीले तीन तीन विकेट लिएका थिए ।

प्रतिउतरमा कोशी दुहबीले ओभरको खेलमा १३.४ ओभरमा सबै विकेटको क्षथिमा ९८ रन बनाएको थियो । उसका लागि इसान पाण्डेले ३७ रन, सोनु अन्सारी २९ रन, दिपेश कडेलले १६ रन बनाए ।

बलिङमा छिन्नमस्ताका नारायण जोशी, दिनेश अधिकारीले तीन तीन विकेट छ लिए । अभिषेक कार्कीले दुई तथा दिवान पुनले एक विकेट लिए ।

# शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न

**मधेसदृष्टि**
**गौर**
लोकतान्त्रिक पत्रकार संघ रौतहटको आयोजनामा सोमबार गरुडामा शुभकामना अदान प्रदान कार्यक्रम सम्पन्न भएको छ ।

नया वर्ष २०८२ को अवसरमा आयोजना गरिएको शुभकामना अदान प्रदान कार्यक्रममा लोकतान्त्रिक समाजवादी पार्टी नेपालका केन्द्रिय सदस्य राम प्रवेश दासले संचारकर्मी समाजको आइना भएको बताए । उनले संचारको भूमिका राष्ट्र निर्माण गणतन्त्र स्थापनामा ठुलो रहेको जिकिर गरे ।

अवाज बिहिनको अवाज भनेर देशको चौथो अंगको रुपमा चित्रण गरिएको संचार जगतलाइ बलियो बनाउन र व्यवस्थित गर्न संचार क्षेत्रमा आवद्ध रहेका सन्चारकर्मीलाइ अघि बढ्नु पर्ने धारणा राखे ।केन्द्रिय सदस्य दासले पार्टीको वर्गीय संगठनको रुपमा स्थापना गरिएको लोकतान्त्रिक पत्रकार संघले समाज, जनता, राष्ट्र, राष्ट्रियता, संघियता, लोकतन्त्र गणतन्त्रको पक्षमा निडर भएर कलम चलाउन आग्रह गरे ।

लोकतान्त्रिक पत्रकार संघ रौतहटको संयोजक राजु श्रीवास्तवको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय शिक्षक मन्च रौतहटका उपाध्यक्ष अरुण कुमार सिंह, नेपाल पत्रकार महासंघका महिला उपाध्यक्ष बिना राउत, श्रमजीवि पत्रकार संघ नेपालका उपाध्यक्ष राकेश कुमार यादव, बज्जिका पत्रकार संघका अध्यक्ष राजेश्वरनाथ पाण्डेय, राष्ट्रिय दलित पत्रकार संघका अध्यक्ष राजेश पासवान, प्रेस मन्च नेपालका प्रतिनिधि आर एन पटेल,नेपाल बिश्व कर्मा लोहर संघका बिबेक शर्माले शुभकामना मन्तव्य राखेका थिए ।\बक्ताहरुले रौतहट जिल्लामा बिगतमा देखिएका सन्चारकर्मी प्रतिको बितृष्णा हटाएर व्यवसायिक पत्रकारिताको विकास गर्ने तर्फ लोकतान्त्रिक पत्रकार संघलाइ भूमिका निर्वाह गर्नु पर्ने जोड दिएका छन् ।

# नयाँ वर्षमा लाग्ने एक महिने ऐतिहासिक शम्भुनाथ मेला शुरु



**मधेस दृष्टि**
**राजविराज**
नयाँ वर्षको उपलक्ष्यमा सप्तरीको शम्भुनाथ नगरपालिकास्थित मन्दिर प्राङ्गणमा लाग्ने एक महिने ऐतिहासिक मेला सोमबारदेखी सुरु भएको छ ।

तराई मधेश क्षेत्रमा यति लामो समयसम्म अटुट रुपमा मेला लाग्ने यस्ता धार्मिक स्थल कमै छन् ।

मेलाको एक समारोहबीच वडा अध्यक्ष समेत रहेका “शम्भुनाथ मेला समिति २०८२” का संयोजक बिजय कुमार साहले पूजापाठ र मन्दिरमा भार (प्रसाद) चढाएर शुभारम्भ गरेका छन् ।

मेला समितिमा नगरपालिकाका १२ वटै वडाका वडाअध्यक्ष मध्ये एक जना संयोजक र अन्य सदस्य छन् । पहिलो दिन तीन हजार भन्दा बढी श्रद्धालुले प्राङ्गणमा रहेको पोखरीमा पवित्र स्नान पश्चात् पूजापाठ गरेको मेला समितिका संयोजक साहले जानकारी दिए ।

यो मेला भर्न स्वदेशी तथा सीमावर्ती भारतीय क्षेत्रका धर्मावलम्बीहरुको घुँइचो लाग्ने गरेको मूल पुजारी सूर्यनारायण झाको भनाई छ । रुपनी र कठौनाको बीचमा पूर्वपश्चिम राजमार्गदेखी एक किलोमिटर दक्षिणमा अवस्थित यस मन्दिरमा रहेको शिवलिङ्ग करिब ८ फिट जती अग्लो र ३ फिट मोटो कालो पत्थरको छ । यस मेलालाई धार्मिक महत्वका साथै नयाँ वर्षको शुभकामना आदानप्रदान गर्ने स्थलको रुपमा पनि लिने गरिएको छ । यस मेलामा विभिन्न प्रकृति र सम्प्रदायका सयौं साधुसन्तहरुको जमघट भई मन्दिर परिसरमा बसी बैशाख महिना भर साधनामा ब्यस्त रहने तथा रातभर भजन किर्तन हुने गरेको छ ।यस पटक यस मन्दिरमा पूजापाठ तथा एक महिने मेलामा ५ लाख भन्दा बढी भक्तजन आउने मेला समितिको अनुमान छ ।

# नयाँ शैलीमा सुख, समृद्धि र शान्तिको लागि दीप प्रज्वलन मार्फत कामना



**मधेसदृष्टि**
**राजविराज**
नयाँ वर्ष सबैका लागि सुख, समृद्धि तथा शान्ति लिएर आओस् भनी कामनासहित यहाँ एक सामाजिक संस्थाले नगरको मुख्य चौकमा दीप प्रज्वलन कार्यक्रमको आयोजना गरेको छ ।

राष्ट्रिय सेविका नेपाल नामक संस्थाले नगरको मुटुमा रहेको गजेन्द्र चौकमा मंगलबार साँझ दीप प्रजवलन कार्यक्रम गरि यस्तो कामना गरेको हो ।

स्थानीय कलाकार तथा संस्थाका पदाधिकारी समेत मिलेर गजेन्द्र चौकमा सडकमै नेपालको नक्शा कोरेर गरिएको दीप प्रज्वलन कार्यक्रममा स्थानीयको समेत उल्लेख्य सहभागिता रहेको थियो ।

नयाँ वर्षको अवसर पारेर पहिलो पटक यस्तो शैलीमा कार्यक्रमको आयोजना गरिएको आयोजक संस्थाका सम्पर्क प्रमुख सुनिता साह “क्रान्ति” ले बताइन् ।

उनकै अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि भूमि समस्या समाधान आयोग सप्तरीका सदस्य अनवर अलि, विशिष्ठ अतिथि जंगबहादुर सिंह, लोकेन्द्र झा, प्रयागलाल यादव, मुरली मनोहर चौधरी, हरिनारायण साह लगायतले नयाँ वर्ष सबैका लागि सुःख, शान्ति र समृद्धि लिएर आओस् भनी शुभकामना दिएका थिए ।

उनीहरुले आफ्नो धर्म संस्कृतिको जगेर्ना सँगै समाजमा व्याप्त बिकृती, बिसंगति बिरुद्ध सबै मिलेर काम गर्नु पर्नेमा जोड समेत दिएका थिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन